# पर्सा जिल्लाको माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन


विदुरप्रसाद सापकोटा

दोस्रोवर्षको परीक्षा क्रमाङ्कः २८१०७०/०६५

त्रि.वि. दर्ता नंः ९-३-२८-११३-२००६


त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, नेपाली भाषा शिक्षा विभाग, स्नातकोत्तर तह दोस्रोवर्षको नेपा. शि. ५९८ को पाठ्यांशको प्रयोजनका निम्ति प्रस्तुत

## शोधपत्र

२०१४/२०७०


नेपाली भाषा शिक्षा विभाग

शिक्षाशास्त्र केन्द्रीय विभाग

त्रि.वि.कीर्तिपुर

# निर्देशकको सिफारिस पत्र

नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको, नेपाली भाषा शिक्षा विषयको नेपाली शिक्षा ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **पर्सा जिल्लाको माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन** शीर्षकको शोधपत्र शोधार्थी विदुरप्रसाद सापकोटाले मेरो निर्देशनमा तयार पार्नु भएको हो । यस शोधकार्यसँग म सन्तुष्ट छु । यस शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

शोध निर्देशक

.........................................

प्रा. डा. रामनाथ ओझा

नेपाली भाषा शिक्षा विभाग

शिक्षाशास्त्र सङ्काय

त्रि.वि. कीर्तिपुर

मितिः २०७०/१२/२६

April 9, 2014

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पस, नेपाली भाषा शिक्षा विभागका शोधार्थी विदुरप्रसाद सापकोटाले स्नातकोत्तर (एम्.एड्) तहमा नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनको लागि प्रस्तुत गर्नुभएको **पर्सा जिल्लाका माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन** शीर्षकको शोधपत्र सोही प्रयोजनका निमित्त उपयुक्त ठहरिएकाले स्नातकोत्तर उपाधिका लागि स्वीकृति प्रदान गरिएको छ ।

शोध मूल्याङ्कन समिति

| क्र.सं. नाम | दस्तखत |
|---|---|
| १. प्रा.डा. रामनाथ ओझा (विभागीय प्रमुख)<br>शोध निर्देशक | ............................ |
| २. प्रा.डा. पारसमणि भण्डारी (अध्यक्षः विषय समिति) | ............................ |
| ३. प्रा. महेश्वर न्यौपाने (शोध विशेषज्ञ) | ............................ |

मितिः २०७१/०१/०४

April 17, 2014

# कृतज्ञता ज्ञापन

पर्सा जिल्लाको कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन शीर्षकमा यो शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्ष नेपाली शिक्षा ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो । मैंले प्रस्तुत शोधपत्र आदरणीय गुरुवर प्रा. डा. रामनाथ ओझाज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । शोध प्रबन्धको रुपरेखा निर्माणदेखि सामग्री सङ्कलन विश्लेषणका क्रममा आवश्यक सल्लाह सुझाव र आफ्नो अमूल्य समय प्रदान गरेर समुचित निर्देशन एवम् उत्साहपूर्वक प्रेरणा प्रदान गर्दै आफ्नो विद्वत् समय खर्चने शोध निर्देशक श्रद्धेय गुरुवर प्रा. डा. रामनाथ ओझाज्यूप्रति म सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा विभिन्न विद्वान् वर्ग, सहपाठी तथा अग्रज महानुभावहरूबाट प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग सल्लाह, सुझाव, हौसला र प्रेरणा प्राप्त गरिएकाले सम्बद्ध सबैमा कृतज्ञता ज्ञापन गर्दछु । त्यसै गरी प्रस्तुत शोधकार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सँधै प्रेरणा र हौसला प्रदान गर्नुहुने आदरणीय गुरु प्रा. डा. हेमाङ्गराज अधिकारी प्रा. डा. केदारप्रसाद शर्मा, प्रा. डा. पारसमणि भण्डारी, प्रा. महेश्वर न्यौपाने, श्री राजेन्द्र खनाल, श्री केशव भुसाल लगायत नेपाली भाषा शिक्षा विभागमा अध्यापनरत गुरु, गुरुआमाप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधकार्य मेरो सफलताको उच्च सिढी हो । मलाई शोधपत्र  तयार गर्ने अवस्थासम्म पुऱ्याई उच्च शिक्षा हासिल गर्न आफ्नो अमूल्य श्रम र पसिना खर्ची विश्वविद्यालयसम्म पुऱ्याउनु हुने मेरा आदरणीय पिता श्री वेधनिधि सापकोटा र माता टेकदेवी सापकोटाप्रति म जीवन भरऋणी छु । घरको व्यवहारदेखि लिएर अनेकौं समस्याको अतिरिक्त अध्ययन कार्यका लागि आवश्यक स्रोत, सामग्री जुटाई हरतरहले अनवरत रुपमा सहयोग पुऱ्याउने धर्मपत्नी मुना सापकोटालाई हार्दिक धन्यवाद दिन्छु । त्यसैगरी यस कार्यमा सहयोग गर्नुहुने दाजुहरू माधवप्रसाद सापकोटा र मधुप्रसाद सापकोटा प्रति आभार व्यक्त गर्दछु । यसैगरी दिदी हिरा चालिसे र मित्रवर दीपक गौतमज्यू प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । पुस्तकालयीय अध्ययनमा सहयोग गर्नुहुने केन्द्रीय पुस्तकालय कीर्तिपुर, काठमाण्डौ र ठाकुरराम बहुमुखी क्याम्पस वीरगञ्जका सम्पूर्ण कर्मचारीज्यूहरूलाई हार्दिक

धन्यवाद दिन्छु । यसैगरी निरन्तर मेरो यस शोध कार्यमा सहयोग सद्भाव व्यक्त गर्ने भानिजहरू लोकनाथ अधिकारी, झलक अधिकारीलाई हार्दिक धन्यवाद गर्दछु । यसैगरी पट्यार लाग्दा क्षणहरूलाई आफ्नो बालक्रियाले सहज बनाउन सहयोग गर्ने प्यारो छोरा विजयदर्शन सापकोटालाई म बिर्सिन सक्दिन ।

यसैगरी छनौटमा परेका पर्सा जिल्लाका सम्बन्धित विद्यालयका प्राचार्य, प्रधानाध्यापक र सम्पूर्ण विषय शिक्षकज्यूहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । मेरो यस शोधकार्यमा परीक्षा दिई सहयोग गर्ने सम्पूर्ण विद्यालयका विद्यार्थी भाइ बहिनीहरूलाई हार्दिक धन्यवाद दिन्छु । मेरो यस शोधकार्यमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शुभचिन्तकहरूप्रति आभार व्यक्त गर्दछु । यस शोधपत्रलाई शुद्धतापूर्वक टंकन गरी सहयोग गर्ने चालिसे कम्प्युटर ट्रेनिङ्ग सेन्टर, चितवनका मुकुन्द चालिसे प्रति म हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा प्रस्तुत शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग कीर्तिपुर, काठमाडौंमा प्रस्तुत गर्दछु ।

विदुरप्रसाद सापकोटा

नेपाली भाषा शिक्षा विभाग

त्रि.वि. कीर्तिपुर

# शोधसार

**शोधशीर्षक** : **पर्सा जिल्लाको माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन**

**शोधार्थी** : विदुरप्रसाद सापकोटा

**शोध निर्देशक** : प्रा. डा. रामनाथ ओझा

**विभाग/क्याम्पस**: नेपाली भाषा शिक्षा विभाग, विश्वविद्यालय क्याम्पस, कीर्तिपुर

**शैषिक वर्ष** : २०७०

**जम्मा अध्याय** : छ

**पृष्ठ सङ्ख्या** : ७६+१५ = ९१

## शोध प्रक्रिया

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत एम.एड. नेपाली (नेपा.शि. ५९८) को प्रयोजनका लागि तयार गरिएको हो ।

पर्सा जिल्लाको कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन गर्नु यस शोधकार्यको प्रमुख उद्देश्य हो । यसअन्तर्गत पर्सा जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका जम्मा ५०/५० जना गरी १०० जना विद्यार्थीहरूको अध्ययन विश्लेषण गर्ने कार्य गरिएको छ । कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा के-केति उखान र टुक्काको प्रयोग भएका छन् ? यसै गरी माध्यमिक तह कक्षा ९ र १० का विद्यार्थीले के - कति उखानटुक्का प्रयोग गर्न सक्छन् ? सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा उखानटुक्का प्रयोग क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ? त्यसैगरी छात्र र छात्राबीच उखान टुक्का प्रयोग क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ? त्यसैगरी विभिन्न मातृभाषाभाषी छात्रछात्राको उखानटुक्का प्रयोग क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ? उखानटुक्का सम्बन्धी के - कस्ता सुझाव दिन सकिन्छ ? भन्ने विषयलाई मुख्य समस्या बनाएर प्रस्तुत शोधकार्य गरिएको छ । यिनै समस्यासँग सम्बन्धित माध्यमिक तह कक्षा ९ र १० को पाठ्यपुस्तकमा भएका उखान र टुक्काहरूको सङ्कलन गर्नु, उखान र टुक्कालाई वर्गीकरण गर्नु, सामुदायिक र संस्थागत विद्यालयमा

अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु जस्ता उद्देश्यहरूमा यो शोधकार्य केन्द्रित रहेको छ ।

प्रस्तुत शोधकार्य माध्यमिक तहको पाठ्यपुस्तक र पर्सा जिल्लाको माध्यमिक तहका विद्यार्थीसँग सम्बन्धित रहेकाले उखानटुक्का सङ्कलन गरी सर्वेक्षण विधि अपनाइ यस अध्ययनलाई अगाडि बढाइएको छ । यस अध्ययनका लागि पर्सा जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत प्रत्येक विद्यालयबाट १०/१० जना गरी १०० सङ्ख्यामा विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याको रुपमा चयन गरिएको छ ।

यसरी प्रस्तुत शोधकार्य मूलतः क्षेत्रीय सामग्री सङ्कलन विधि र अंशतः पुस्तकालय अध्ययन विधिमा आधारित रहेको छ । उपलब्ध तथ्याङ्कको वस्तुगत अध्ययनका लागि समूहगत मध्यमान, मानक विचलन, प्रतिशताङ्क श्रेणी निर्धारण गरी विद्यार्थीको उखानटुक्का प्रयोग क्षमताको पहिचान गरिएको छ । यसरी साङ्ख्यिकीय तथ्याङ्क विश्लेषणका आधारमा प्रस्तुत अध्ययनको प्रारुप तयार पारिएको छ ।

## निष्कर्ष:

यस शोधकार्यको निष्कर्षलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

१. माध्यमिक तहको कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा १०८ वटा उखान र २५८ वटा टुक्काहरू प्रयोग भएको देखिन्छ ।

२. माध्यमिक तह कक्षा ९ र १० को विद्यार्थीहरूको समग्रमा उखानटुक्का प्रयोग क्षमता मध्यमस्तरको रहेको देखिन्छ । यस अध्ययनमा ५० प्रतिशतभन्दा थोरै प्राप्ताङ्क ल्याउने विद्यार्थीको प्रतिशत ५१ रहेकाले यो कुराको पुष्टि हुन्छ ।

३. सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको तुलना गर्दा संस्थागत विद्यालयका विद्यार्थीको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्तर कमजोर रहेको देखिन्छ ।

४. लिङ्गगत आधारमा सामुदायिक विद्यालयका छात्रहरूको मध्यमानभन्दा माथि ३६ प्रतिशत र छात्राहरूको ४८ प्रतिशत रहेकोले छात्रहरूभन्दा छात्राहरूको प्रतिशत राम्रो देखिन्छ ।

त्यसैगरी संस्थागत विद्यालयको छात्रहरूको मध्यमानभन्दा माथि प्राप्ताङ्क हुने छात्रहरू ६८ प्रतिशत र छात्राहरूको ४४ प्रतिशत देखिनु छात्रहरूको तुलनामा छात्राहरूको स्थिति राम्रो देखिँदैन ।

५. मातृभाषागत आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको मध्यमानभन्दा माथि उखानटुक्का प्रयोग क्षमता हुने विद्यार्थीको ६९.५ प्रतिशत, भोजपुरी मातृभाषी विद्यार्थीहरूको ३५ प्रतिशत, नेवार मातृभाषी विद्यार्थीहरूको २७.२ प्रतिशत, तामाङ् मातृभाषी विद्यार्थीहरूको ४१.६ प्रतिशत, उर्दू मातृभाषी विद्यार्थीहरूको ७२.८ प्रतिशत देखिनु मगर मातृभाषी विद्यार्थीहरू २ जनाले क्रमशः ७०/७१ प्रतिशत प्राप्ताङ्क लाएका छन् भने गुरुङ् मातृभाषा हुने १ जना विद्यार्थीले ४४ प्रतिशत ल्याएको देखिन्छ ।

६. समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता कमजोर हुनुमा भाषिक प्रयोगमा उखानटुक्का प्रयोग कम गर्नु, शिक्षण सिकाइ क्रियाकलाप सान्दर्भिक हुन नसक्नु उखानटुक्कासम्बन्धी कमजोरी रहेको तथ्यले देखाएको छ ।

७. माध्यमिक तहको पाठ्पुस्तकमा उखानटुक्का प्रयोग गर्दा प्रयोग क्षमतागत अनुसन्धान गरेर मात्र पाठ्यपुस्तकमा प्रयोग गर्नुपर्ने देखिन्छ ।

८. उखानटुक्का प्रयोगको लागि नेपाली पाठ्यपुस्तक मात्र नभई उखानटुक्का प्रयोग भएका अन्य पुस्तकहरूको पनि प्रयोग गरी शिक्षण गर्नुपर्ने देखिन्छ ।

९. विषय शिक्षकद्वारा प्रभावकारी रुपमा योजनाबद्ध ढङ्गले भाषिक व्यवहारमा उखानटुक्का प्रयोग गराउनु पर्छ । उखानटुक्का प्रयोगलाई वृद्धि गर्ने खालका अनेक क्रियाकलाप अपनाई विद्यार्थीहरूमा उखानटुक्का प्रयोगसम्बन्धी प्रेरणा गराउनु पर्दछ र शिक्षणलाई व्यवस्थित गर्नुपर्छ ।

# विषयसूची


| | | पृष्ठ सं. |
|---|---|---|
| **परिच्छेद एक** | | **१-५** |
| **शोध परिचय** | | **१** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याकथन | १ |
| १.३ | अध्ययनको उद्देश्य | २ |
| १.४ | अध्ययनको औचित्य | ३ |
| १.५ | अध्ययनको सीमाङ्कन | ३ |
| १.६ | अध्ययन विधि | ४ |
| **परिच्छेद दुई** | | **६-२२** |
| **पूर्वकार्यको अध्ययन र सैद्धान्तिक रुपरेखा** | | **६** |
| २.१ | पूर्वकार्यको समीक्षा | १० |
| २.२ | उखानको सैद्धान्तिक परिचय | ११ |
| २.३ | नेपाली भाषा र साहित्यका विद्वानले दिएका उखान सम्बन्धी दृष्टिकोण | १२ |
| २.४ | उखानको वर्गीकरण | १२ |
| २.५ | उखानको प्रयोजन | १३ |
| २.६ | पाठ्यपुस्तकमा उखानको उपयोगिता | १३ |
| २.७ | उखानका विशेषता | १३ |
| २.८ | नेपाली उखानका मूल विशेषता | १४ |
| २.९ | टुक्काको परिचय | १६ |
| २.१० | टुक्काको संरचनागत तत्त्व | १७ |
| २.११ | उखान र टुक्कामा समानता | १९ |
| २.१२ | उखान र टुक्का बीच भिन्नता | २० |
| **परिच्छेद तिन** | | **२३-२६** |
| **अध्ययन विधि** | | **२३** |
| ३.१ | परिचय | २३ |
| ३.२ | जनसङ्ख्या पहिचान | २३ |

३.२.१ प्रतिनिधि नमुना २४
३.२.२ सामग्री निर्माण २४
३.२.३ तथ्याङ्क सङ्कलन २५
३.२.४ व्याख्या विश्लेषण २५

**परिच्छेद - चार** **२७-४२**

**उखानटुक्काको सङ्कलन तथा वर्गीकरण**

४.१ परिचय २७
४.२ कक्षा ९ र १० को पाठ्पुस्तकमा प्रयोग भएका उखानहरूलाई अकारादि क्रममा मिलाई व्यवस्थित रुपमा प्रस्तुत २७
४.३ ९ र १० कक्षाको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका टुक्काहरूलाई अकारादि क्रममा व्यवस्थित रुपमा प्रस्तुत ३१
४.४ माध्यमिक तह कक्षा ९ र १० को पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काको वर्गीकरण ३५
४.५ व्याकरणिक एवम् रुपका आधारमा टुक्काको वर्गीकरण ३९

**परिच्छेद - पाँच** **४३-६४**

**व्याख्या / विश्लेषण**

५.१ परिचय ४३
५.१.१ समग्र विद्यार्थीको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ४३
५.१.२ सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ४४
५.१.३ संस्थागत विद्यालयका विद्यार्थीको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ४५
५.१.४ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीको उखानटुक्का
५.१.५ प्रयोग क्षमताको स्थिति ४७
५.१.६ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीको
५.१.७ उखानटुक्का प्रयोग क्षमताको स्थिति ४७
५.१.८ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीका उखानटुक्का प्रयोग क्षमताको स्थिति ४८
५.१.९ लिङ्गगत आधारमा समग्र छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ४९

५.१.१० लिङ्गगत आधारमा समग्र छात्राहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ४९
५.१.११ मध्यमान र मानक विचलनका आधारमा समग्र छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति ५०
५.१.१२ मध्यमान र मानक विचलनका आधारमा समग्र छात्राहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति ५१
५.१.१३ लिङ्गगत आधारमा सामुदायिक विद्यालयका छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ५१
५.१.१४ लिङ्गगत आधारमा सामुदायिक विद्यालयका छात्राहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ५२
५.१.१५ लिङ्गगत आधारमा संस्थागत विद्यालयका छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ५३
५.१.१६ लिङ्गगत आधारमा संस्थागत विद्यालयका छात्राहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ५३
५.१.१७ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति ५४
५.१.१८ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका छात्राहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति ५५
५.१.१९ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति ५५
५.१.२० मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका छात्राहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति ५६
५.१.२१ नेपाली मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ५७
५.१.२२ मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीको उखानटुक्का प्रयोग क्षमताको स्थिति ५८
५.१.२३ भोजपुरी मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ५८
५.१.२४ मध्यमान र मानक विचलनका आधारमा भोजपुरी मातृभाषी विद्यार्थीको उखानटुक्का प्रयोग क्षमताको स्थिति ५८
५.१.२५ नेवार मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ५९

५.१.२६ मध्यमान र मानक विचलनका आधारमा नेवार मातृभाषी विद्यार्थीको उखानटुक्का प्रयोग क्षमताको स्थिति ५९
५.१.२७ तामाङ् मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ६०
५.१.२८ मध्यमान र मानक विचलनका आधारमा तामाङ् मातृभाषी विद्यार्थीको उखानटुक्का प्रयोग क्षमताको स्थिति ६०
५.१.२९ गुरुङ् मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ६१
५.१.३० मगर मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ६१
५.१.३१ उर्दू मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ६२
५.१.३२ मध्यमान र मानक विचलनका आधारमा उर्दू मातृभाषी विद्यार्थीको उखानटुक्का प्रयोग क्षमताको स्थिति ६२
५.१.३३ सुझाव ६३

**परिच्छेद छ** **६५-६७**

**उपसंहार** **६५**
६.१ निर्ष्कष ६५
**सन्दर्भग्रन्थ सूची** **६८-६९**

**परिशिष्ट क:** **७०**
**ख:** **७२**
**ग:** **७३**
**व्यक्तिवृत्त** **७६**

# तालिका सूची

पृष्ठ

सं.

१.	समग्र विद्यार्थीको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति	४२

२.	सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति	४४

३.	संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति	४५

४.	मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीको उखानटुक्का प्रयोग क्षमताको स्थिति	४७

५.	मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीको उखानटुक्का प्रयोग क्षमताको स्थिति	४७

६.	मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीको उखानटुक्का प्रयोग क्षमताको स्थिति	४८

७.	लिङ्गगत आधारमा समग्र छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति	४९

८.	लिङ्गगत आधारमा समग्र छात्राहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति	४९

९.	मध्यमान र मानक विचलनका आधारमा समग्र छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति	५०

१०. मध्यमान र मानक विचलनका आधारमा समग्र छात्राहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति ५१

११. लिङ्गगत आधारमा सामुदायिक विद्यालयका छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ५१

१२. लिङ्गगत आधारमा सामुदायिक विद्यालयका छात्राहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ५२

१३. लिङ्गगत आधारमा संस्थागत विद्यालयका छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ५३

१४. लिङ्गगत आधारमा संस्थागत विद्यालयका छात्राहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ५३

१५. मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति ५४

१६. मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका छात्राहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति ५५

१७. मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति ५५

१८. मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका छात्राहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति ५६

१९. नेपाली मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ५७

२०. मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति ५७

२१. भोजपुरी मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ५८

२२. मध्यमान र मानक विचलनका आधारमा भोजपुरी मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति ५८

२३. नेवार मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ५९
२४. मध्यमान र मानक विचलनका आधारमा नेवार मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति ५९
२५. तामाङ् मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ६०
२६. मध्यमान र मानक विचलनका आधारमा तामाङ् मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति ६०
२७. गुरुङ् मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ६१
२८. मगर मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ६१
२९. उर्दू मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति ६२
३०. मध्यमान र मानक विचलनका आधारमा उर्दू मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति ६२

# परिच्छेद एक
# शोध परिचय

## १.१ पृष्ठभूमि

प्रस्तुत शोधकार्यको शीर्षक **पर्सा जिल्लाको माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन** रहेको छ । प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालयशिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रोवर्षको पाठ्यांश नेपाली शिक्षा ५९८ पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

## १.२ समस्याकथन

भाषा विचार विनिमयको एक सशक्त माध्यम हो । भाषाका माध्यमबाट नै मानिसहरूले आफ्ना आवश्यकताहरू पूरा गरेका हुन्छन् । यिनलाई जनसमुदायले परापूर्व कालदेखि नै अभिव्यक्तिलाई सौँदर्ययुक्त तुल्याउन प्रयोग गरेको पाइन्छ ।

अनुसन्धान गर्नका लागि छानिएका कुनै पनि अनुसन्धेय विषयवस्तु नै अनुसन्धानको समस्या हो । अनुसन्धान आफैँमा एक व्यापक र जटिल कार्य पनि हो । त्यसैले समस्यामा केन्द्रित रहेर अनुसन्धेय विषयवस्तुलाई अगाडि बढाउनु पर्दछ । यसरी साहित्यिक कृतिका बारेमा अनुसन्धान गर्दा त्यस कृति भित्र रहेका समस्याको खोजी नितान्तः आवश्यक हुन्छ । ती कृतिभित्र रहेका समस्याहरूको समाधानतर्फ लाग्नु शोधकार्यको लक्ष्य हुन्छ । यसै कारणले कुनै पनि समस्याभित्र केन्द्रित भई अनुसन्धेय विषयवस्तुलाई अगाडि बढाउनु पर्दछ ।

विद्यार्थीको भाषिक सीप विकास गराउनमा सहयोग पुऱ्याउने उखानटुक्काले भाषालाई सिँगारेर मनोरञ्जन प्रदान गराउनुको साथै विभिन्न सन्देशमूलक कार्य पनि गर्दछ । विद्यालय तहमा राखिएका उखानटुक्काको उद्देश्य पनि विद्यार्थीहरूमा शब्दभण्डार क्षमताको वृद्धि गरी भाषा प्रयोगमा विशिष्ट शैली र उच्चस्तरीय मर्महरू अभिव्यक्त गर्न सक्ने खालका भाषिक

अभिवृद्धि गर्ने हुनुपर्दछ । यसका साथै पाठ्यपुस्तक पनि विद्यार्थीहरूको रुचि, क्षमता, स्तर र आवश्यकताअनुसार निर्धारण भएको हुनु पर्छ ।

माध्यमिक तह कक्षा ९ र १० को पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काहरू विद्यार्थीहरूको रुचि, क्षमता र स्तरअनुरुप छन् कि छैनन् ? पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काहरू विद्यार्थीले के कति मात्रामा प्रयोग गर्न सक्छन् ? उखानटुक्काहरू विषय र प्रसङ्गअनुरुप पाठमा प्रयोग भएका छन् कि छैनन् ? तिनको संरचना कुन किसिमको छ ? भाषा पाठ्यपुस्तकले दिन खोजेका भाषिक क्षमता प्रदान गर्ने खालका छन् कि छैनन् ? जस्ता कुराको वरिपरि शोधपत्र निम्न समस्यामा केन्द्रित रहेको छ ।

क. माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा के - कति प्रकारका उखानटुक्का प्रयोग भएका छन् ?

ख. कक्षा ९ र १० को पाठ्यपुस्तकमा भएका उखानटुक्काहरू के कस्ता प्रकारका छन् ?

ग. उक्त पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काहरू विद्यार्थीहरूको प्रयोग क्षमता भित्र पर्छन् कि पर्दैनन् ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि कार्य गर्नुका पछाडि निश्चित उद्देश्य त अवश्य हुन्छ । उद्देश्य विना कुनै पनि कार्यको थालनी गरिँदैन र उद्देश्य विना थालिएको कुनै पनि कार्य पूर्ण हुन सक्दैन । त्यसैले यस शोधकार्यका पनि निश्चित उद्देश्यहरू रहेका छन् । जसलाई बुँदागत रुपमा यसरी देखाउन सकिन्छ :-

क. माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा समावेश भएका उखानटुक्काहरूको सङ्कलन गर्नु ,

ख. उक्त उखानटुक्काहरूलाई विभिन्न किसिमले वर्गीकरण गर्नु ,

ग. पाठ्यपुस्तकमा प्रयुक्त उखानटुक्काहरू विद्यार्थीहरूको क्षमताभित्र भए ।

## १.४ अध्ययनको औचित्य

कुनै पनि पाठ्यपुस्तकमा प्रयोग भएका विषयको बारेमा अध्ययन अनुसन्धान हुनु आवश्यक छ । जबसम्म पाठ्यपुस्तकमा प्रयोग भएका शब्दहरूको खोजी गरिँदैन तबसम्म त्यसको सही मूल्याङ्कन हुन सक्दैन । त्यसैले पाठ्यपुस्तकको सही मूल्याङ्कन हुनका लागि र गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि यसको बारेमा अध्ययन हुनु नितान्त आवश्यक छ । भाषा विचार विनिमयको संवाहक हो । भाषालाई उक्तिवैचित्र्यता, गम्भीरता, व्यङ्ग्यात्मकता र सङ्गीतात्मकता प्रदान गर्न उखानटुक्काहरूको प्रयोग भएका हुन्छन् । मानव सभ्यताको विकाससगैं उत्पत्ति भएको भाषामा उखानटुक्काहरूको विशेषस्थान रहेको हुन्छ । नेपाली भाषामा पनि परापूर्व कालदेखि नै लोकोक्तिमा प्रचलित उखानटुक्काहरूको उचित प्रयोगले भाषालाई तर्कसङ्गत, प्रासाङ्गिक, घतलाग्दो र ओजपूर्ण बनाउन सहयोग पुऱ्याउँछ ।

भाषा साहित्यमा विशेष महत्त्व राख्ने उखानटुक्काहरूले माध्यमिक तहका विद्यार्थीहरूको शब्दभण्डारको वृद्धि गर्नमा कति उपयोगी बनेका छन् भन्ने कुराको जानकारी प्राप्त गर्नु नै यसको महत्त्वपूर्ण पक्ष रहेको छ । विद्यार्थीहरूको भाषिक सीप विकास गर्नमा सहयोगी बनेको उखानटुक्काहरू माध्यमिक तहको पाठ्यपुस्तकमा के कति प्रयोग भएका छन् ? तिनको प्रकृति र बनोट कस्तो छ ? तिनलाई कसरी वर्गीकरण गर्न सकिन्छ ? र विद्यार्थीहरूमा ती उखान प्रयोग गर्न सक्ने क्षमता कस्तो छ ? त्यसको जानकारी लिनु महत्त्वपूर्ण कार्य भएकोले माध्यमिक तह कक्षा ९ र १० को पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काहरूको पहिचान र प्रयोग क्षमताको अध्ययन गर्नु औचित्यपूर्ण देखिन्छ ।

अतः भाषा शिक्षण सिकाइका क्षेत्रमा संलग्न रहने शिक्षक, विद्यार्थी, शोधार्थी, लेखक तथा विषय विशेषज्ञमा यस शोध अध्ययनले भाषा शिक्षणमा प्रचलित उखानटुक्काहरूका बारेमा स्पष्ट र आवश्यक जानकारी दिई उल्लेखनीय भूमिका निर्वाह गर्नु प्रस्तुत अध्ययनको औचित्य रहेको छ ।

## १.५ अध्ययनको सीमाङ्कन

अनुसन्धान आफैँमा एक जटिल र चुनौतीपूर्ण कार्य हो । भाषा, साहित्य, इतिहास, ज्ञान, विज्ञान र प्रविधि जस्ता ज्ञान विज्ञानका क्षेत्रहरू शोध अध्ययनका लागि अत्यन्त उपयोगी ठहरिन्छन् । यी सबैको गहिराइसम्म गई अध्ययन अनुसन्धान गर्नु असम्भव नै

हुन्छ । यसैले कुनै खास क्षेत्रको खास पक्षको यथार्थ र पूर्ण अध्ययन गर्नका लागि अध्ययन गर्ने क्षेत्रको सीमा किटान गर्नुपर्ने भएकोले प्रस्तुत अध्ययनलाई निम्मलिखित सीमामा आबद्ध गरिएको छ ।

क. उखानटुक्काहरू सङ्कलन र अध्ययनका लागि नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकलाई मात्र सीमा भित्र राखिएको छ ।

ख. पर्सा जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका जम्मा १०० जना विद्यार्थीमा सीमित रहेको छ ।

ग. कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरूमा मात्र अध्ययन केन्द्रित रहेको छ ।

घ. कक्षा ९ र १० को पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काको वर्गीकरण गर्नमा मात्र अध्ययन सीमित रहेको छ ।

## १.६ अध्ययन विधि

कुनै पनि अनुसन्धानात्मक कार्यलाई प्रभावकारी र उपलब्धीमूलक बनाउनका लागि निश्चित विधि, तरिका वा प्रक्रियाको अबलम्बन गर्नुपर्ने हुन्छ । अनुसन्धान वस्तुपरक, औपचारिक र व्यवस्थित कार्य हो । यो धेरै जटिल हुन्छ । अनुसन्धान कार्य कसरी थालनी गरियो ?सुरुदेखि अन्त्यसम्म के कस्ता प्रक्रिया अबलम्बन गरियो ? ती सबै कुराहरू विधिको रुपमा समावेश गरिएको छ । यस अनुसन्धानका लागि अपनाइएका विधि र प्रक्रियाहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

क. अध्ययन विधिको प्राथमिक स्रोतको रुपमा नेपाल सरकार खेलकुद तथा शिक्षा मन्त्रालय, पाठ्यक्रम विकासकेन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकलाई लिइएको छ ।

ख. अध्ययन विधिको द्वितीय स्रोतका रुपमा पर्सा जिल्ला भित्रका सम्पूर्ण विद्यार्थीहरूलाई समेट्न नसकिने भएकाले सामुदायिक पाँचवटा र संस्थागत पाँचवटा प्रत्येक विद्यालयका १०/१० जनाका दरले १०० जना विद्यार्थीलाई लिइएको छ । यसका साथै कक्षा ९ र १० को पाठ्पुस्तकमा भएका उखानटुक्कालाई केन्द्रविन्दुमा लिई नमुना सर्वेक्षण विधि, पुस्तकालयीय

अध्ययन विधि र वर्णनात्मक विधिलाई अगाडी बढाई अध्ययन गरिएको छ । पाठ्यपुस्तकमा प्रयोग भएका उखानको सङ्कलन गरी त्यसको विश्लेषण गर्नुपर्ने भएकाले पुस्तकालय अध्ययन गरिएको छ । उखानटुक्का प्रयोग क्षमताको अध्ययन गर्नको लागि प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन, सामग्री निर्माण र सङ्कलित तथ्याङ्कको व्याख्या विश्लेषण जस्ता कार्यहरू गरिएको छ ।

# परिच्छेद दुई

# पूर्वकार्यको अध्ययन र सैद्धान्तिक रुपरेखा

## २.१ पूर्वकार्यको समीक्षा

प्रत्येक कार्यको थालनी गर्नुभन्दा अघि त्यससम्बन्धी भएगरेका कार्यहरूको अध्ययन गर्नु पर्ने हुन्छ । विगतमा भए गरेका कार्यले वर्तमानमा मार्ग निर्देशकको भूमिका निर्वाह गर्दछ । यस्ता विगतमा गरिएको अध्ययन अनुसन्धानले आगामी दिनहरूमा समेत सहयोग पुऱ्याउँछन् । विगतका यी र यस्ता अध्ययनहरू कसरी गरिए, अध्ययनका क्रममा के कस्ता समस्याहरू देखा परे तथा आगामी दिनमा उक्त पक्षमा के कसरी सुधार ल्याउनु पर्छ ? भन्ने कुरा नै पूर्वकार्यको अध्ययनबाट थाहा हुन्छ । मानिसका उच्चारण अवयवबाट उच्चरित भाषिक ध्वनिहरूको अन्वितिपूर्ण भाव नै भाषा हो । भाषा कथ्य र लेख्य गरी दुई किसिमको हुन्छ । त्यसमा पनि कथ्य भाषाको बढी प्रयोग हुने गरेको पाइन्छ ।

त्यसैले भाषामा नवीनता ल्याउनुको साथै भाषालाई प्रभावित बनाई मिठासपूर्ण बनाउँछ । तसर्थ उखानटुक्कालाई प्राथमिक तहदेखि नै शिक्षण गर्नु आवश्यक हुन्छ ।

उखानटुक्काको सन्दर्भमा विभिन्न विद्वान्हरूले अध्ययन अनुसन्धान गरे तापनि विद्यालयीय तथा क्याम्पस स्तरीय पाठ्यपुस्तकमा प्रयुक्त उखानटुक्काका बारेमा खासै अध्ययन विश्लेषण भएको पाइँदैन । नेपाली भाषामा उखानको पृष्ठभूमिलाई केलाउने पहिलो व्यक्ति मोतिराम भट्ट हुन् । उनको उखानको बखान र जान्ने कथा संग्रह प्रकाशित छ । यस्तै नेपाली भाषासेवी पुष्कर शमशेरको नेपाली उखान र टुक्काहरूको वर्णानुक्रमानुसारी सूची र वाक्य पद्धति इत्यादि कोष खण्ड १ र खण्ड २ पुस्तक वि.सं. नेपाली भाषा प्रकाशिनी समिति काठमाण्डौबाट वि.सं.१९९८ मा प्रकाशित भएको

देखिन्छ । यसमा ८०० जति उखानहरू वर्णानुक्रममा सङ्कलन भएको पाइन्छ तर यस पुस्तकमा परम्परागत रुपमा प्रचलित उखान बाहेक कुनै टुक्काको उल्लेख पाइँदैन । दार्जिलिङ्बाट सम्बत् १९५६ मा अमरमणि प्रधान र पारसमणि प्रधानको ६०० वटा उखानहरूको सङ्कलन गरिएको नेपाली चल्तीउखान नामक पुस्तक प्रकाशित भएको पाइन्छ ।

दीक्षित (२०२७)द्वारा तयार पारिएको उखान सङ्ग्रह  ललितपुर जगदम्बा प्रकाशनबाट प्रकाशित भएको छ । उखानका सन्दर्भमा तयार पारिएको यो पुस्तक तत्कालीन समयको महत्त्वपूर्ण कृति हो । जीवनको उत्तरार्द्धतिर (२०२७) मात्रै प्रस्तुत कृति प्रकाशित भएबाट पनि राममणि आ.दी. ले उखान सङ्ग्रह गर्न लामो समय व्यतीत गरेको बुझिन्छ । उनको यस कृतिमा काठमाण्डौ लगायत गोरखा, पाल्पा, काँस्की, जुम्ला, धनकुटा साथै तराईतिरका प्रचलित उखानहरू सङ्कलन गरिएको छ ।

रिमाल (२०२८) द्वारा तयार पारिएको कर्णालीलोक संस्कृति खण्ड ५ नामक कृति नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (नेपाल प्रज्ञा प्रतिष्ठान हाल) बाट प्रकाशित भयो भने दोस्रो संस्करण २०५३ सालमा साझा प्रकाशनबाट प्रकाशित भएको थियो । कर्णाली क्षेत्रको स्थानीय विशेषता झल्काउने साथै त्यस क्षेत्रमा प्रचलित ३०८ वटा उखानहरूलाई वर्णानुक्रममा समेत राखिएको छ ।

पन्त (२०२८) द्वारा तयार पारिएको हाम्रा उखानहरू शीर्षकको लेख हाम्रो सांस्कृतिक इतिहास   नामक पुस्तकमा छापिएको छ । यसमा ३५७ वटा उखान सङ्कलन गर्ने काम गरिएको छ । यसमा वर्णानुक्रममा उखान व्यवस्थित गर्ने काम भने गरिएको छैन ।

शर्मा (२०३६) द्वारा तयार पारिएको उखान र टुक्का शीर्षकको लेख शब्द रचना र वर्ण विन्यास  को व्याकरणको पुस्तक त्रि.वि पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित गरिएको छ । चलनचल्तीमा रहेको ६६ वटा उखानलाई प्रयोग गरी देखाइएको छ । उखानको अर्थ उपशीर्षकमा नेपाली चलन चल्तीमा रहेका २२६ वटा उखानलाई अकारादि वर्णानुक्रममा राखी तिनको अर्थ समेत प्रस्तुत गरिएको छ ।

पराजुली (२०४७) द्वारा तयार पारिएको राम्रो रचना मीठो नेपाली एघारौ विषयको रुपमा उखानटुक्का शीर्षक दिएर उखान र टुक्काको भाषिक महत्त्वका बारेमा प्रकाश पारेका छन् । उनले उखानटुक्कालाई भाषाका ज्यान र ओजका रुपमा लिनुको साथै लक्षण र सूत्रका रुपमा व्यक्त गरेको पाइन्छ । यसरी कृष्णप्रसाद पराजुलीकाअनुसार उखानटुक्का दुबैले भाषाको अभिव्यक्तिमा मिठास ल्याउनुका साथै उखान र टुक्कालाई एकै ठाउँमा राखेर उखान र टुक्का भनेको पाइन्छ । उनले यस पुस्तकमा टुक्का शीर्षक दिएर टुक्कालाई वाक्यांशको रुपमा

चिनाउने काम गर्नुको  साथै टुक्काको भाषिक महत्त्व र विशेषताको बारेमा पनि उल्लेख गरेको पाइन्छ ।

उनले टुक्कालाई क्रियामुक्त र क्रियायुक्त गरी दुई किसिमले वर्गीकरण गर्दै तिनको अर्थ र नमुना उदाहरण दिएको पाइन्छ । यसरी पराजुलीले लोक जीवनका छोटा मीठा वाक्यांशका रुपमा टुक्कालाई समावेश गरी टुक्काहरूको विषयमा जानकारी दिने काम गरे तापनि यसमा कुनै पनि नयाँ वैज्ञानिक पद्धति अँगाली त्यस्ता टुक्काहरूको परिचय र विवरण दिएको पाइँदैन ।

पौडेल (२०५१) द्वारा तयार पारिएको लुम्बिनी क्षेत्रमा प्रचलित नेपाली उखानको अध्ययन शीर्षकको शोधपत्रमा लुम्बिनी क्षेत्रको स्थलगत सर्वेक्षणबाट  प्राप्त त्यस क्षेत्रमा प्रचलित उखानहरू सङ्कलित गरिएको छ ।

अधिकारी (२०५३) द्वारा तयार पारिएको केही नेपाली उखान टुक्का सङ्ग्रह नामक कृति काठमाण्डौको बानेश्वरबाट प्रकाशित गरिएको छ । यसमा उखान मात्र सङ्कलन गरिएको छ । राष्ट्रिय स्तरको २०५ वटा उखानहरूलाई सङ्कलित गरी सङ्ग्रहका रुपमा प्रस्तुत भएको छ । यो सङ्ग्रहमा टुक्काहरूको भने सङ्कलन भएको छैन । उखानलाई उखानकै र टुक्कालाई टेक्काकै रुपमा चिनाउनु पर्नेमा टुक्काहरू समावेश नगरी उखानलाई पनि टुक्का भन्दै उखानटुक्का सङ्ग्रह भनेका छन् ।

पन्थी (२०६२) द्वारा तयार पारिएको माध्यमिक तहको कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काको पहिचान र प्रयोग क्षमताको अध्ययनमा कक्षा ९ र १० को पाठ्यपुस्तकमा समावेश भएका उखानटुक्काको सङ्कलन गर्नु, वर्गीकरण गर्नु, उखानटुक्कासम्बन्धी विद्यार्थीहरूको प्रयोग क्षमताको अध्ययन गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति पहिचान गर्नु र आवश्यक राय सल्लाह सुझाव दिनुजस्ता उद्देश्यहरू रहेका छन् । पन्थीले कपिलवस्तु जिल्ला भित्रका तीनवटा सामुदायिक र तीनवटा संस्थागत विद्यालयमा उक्त अध्ययन गरेको पाइन्छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयको विद्यार्थीको उखानटुक्का प्रयोग क्षमता कमजोर रहेको देखाइएको छ । बढीभन्दा बढी उखानटुक्काको प्रयोग गर्न विद्यार्थीलाई पर्ने सुझाव दिइएको छ ।

भण्डारी (२०६५) द्वारा तयार पारिएको निम्न माध्यमिक तहको नेपाली पाठ्यपुस्तममा प्रयोग भएका उखानटुक्काको पहिचान र प्रयोग क्षमताको अध्ययन मा कक्षा ६, ७ र ८ को नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्कालाई प्युठान जिल्ला भित्रका तिनवटा सानुदायिक र तिनवटा संस्थागत विद्यालयका १८० जना विद्यार्थीहरूमा प्रयोग गरेको पाइन्छ । निम्न माध्यमिक तहको नेपाली पाठ्पुस्तकमा प्रयोग भएका उखानटुक्कालाई सङ्कलन, वर्गीकरण, विश्लेषण र विद्यार्थीहरूको क्षमता पहिचानको उद्देश्य राखी वर्णनात्मक विधि र पुस्तकालय अध्ययन विधिको प्रयोग गरी शोधकार्य गरेका छन् । समग्र विद्यार्थीको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा उनीहरूको उखान टुक्का प्रयोग क्षमता मध्यमस्तरको देखाइएको छ भने उखानटुक्का प्रयोगका लागि पाठ्यपुस्तक मात्र नभई उखानटुक्का सम्बन्धी अन्य पाठ्यपुस्तकको पनि प्रयोग गरी शिक्षण गर्नुपर्ने सुझाव दिइएको छ ।

पन्थी (२०६५) द्वारा तयार पारिएको गुल्मी जिल्लाको टुक्काहरूको अध्ययनमा टुक्काहरूलाई रुपात्मक र विषयात्मक गरी दुई किसिमले वर्गीकरण गरेको पाइन्छ । रुपात्मकअन्तर्गत एकपदीय र अनेकपदीय साथै क्रियामुक्त र क्रियायुक्त टुक्काहरूको उदाहरण दिएको पाइन्छ । विषयात्मकअन्तर्गत ऐतिहासिक र पौराणिक घटनामा आधारित टुक्का, सामाजिक विषयवस्तुमा आधारित टुक्का, आर्थिक स्थितिमा आधारित टुक्का र पशुपन्छीमा आधारित टुक्का गरी वर्गीकरण गरेको पाइन्छ । गुल्मी जिल्लाको सेरोफेरोमा प्रचलित टुक्काहरूलाई अकारादि वर्णानुक्रममा मिलाई तिनको अर्थ समेत प्रस्तुत गरेका छन् ।

नेपाल (२०६६) द्वारा तयार पारिएको पाल्पा जिल्लाका माध्यामिक तहमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययनमा पाल्पा जिल्लाका तीनवटा सामुदायिक र तीनवटा संस्थागत विद्यालयका १२० जना विद्यार्थीको उखानटुक्का प्रयोग क्षमताको अध्ययन गरिएको छ । कक्षा ९ र १० मा प्रयुक्त उखानटुक्कालाई अकारादि वर्णानुक्रममा राखिएको छ भने प्रश्नावली प्रयोग र पुस्तकालय अध्ययन विधिको प्रयोग भएको पाइन्छ । उखानटुक्काको प्रयोग तल्लो कक्षाबाट गरिनुपर्ने, तालिम प्राप्त शिक्षकको व्यवस्था गरिनुपर्ने, कक्षा शिक्षणलाई प्रभावकारी बनाउनु पर्ने, विद्यार्थीलाई प्रेरणा प्रदान गर्नुपर्ने जस्ता सुझवहरू दिइएको पाइयो भने प्रश्नावलीमा उखानटुक्का सम्बन्धी प्रश्न सङ्ख्या बढाउनु पर्ने देखियो ।

## २.२ उखानको सैद्धान्तिक परिचय

लोक जीवनमा व्यवहारिक अनुभवबाट खारिएर निस्केका सूत्रात्मक, ज्ञानबर्द्धक र सारगर्भिक कथन नै उखान हुन् । यस्ता उखानले लोकजीवनका विभिन्न क्रियाकलाप, रीतिथिति, बानीव्यहोरा चलनचल्ती विश्वास र दृष्टिकोण आदिका माध्यमबाट अभिधेय अर्थ बोकेका हुन्छन् र भाषिक व्यवहारमा उखान आत्माको रुपमा रहेका हुन्छन् त उखानहरू लोकजीवनमा मौखिक परम्पराको रुपमा परापूर्व कालदेखि नै एक पुस्ताबाट अर्को पुरुतामा हस्तान्तरित हुँदै आएका हुन्छन् । उखानहरू लोकजीवनका सामाजिक, राजनैतिक, शैक्षिक उन्नति, प्रगति र परिर्वतन सगैँ नयाँ नयाँ अनुभूतिबाट निर्माण हुँदै जान्छन् । यसैले भाषाको समृद्धिमा उखानको विशिष्ट स्थान रहन्छ ।

नेपाली भाषाको उखान शब्द संस्कृतको उपाख्यानबाट प्राकृतमा उक्खाण हुँदै नेपाली भाषामा उखान बन्न गएको हो । नेपाली भाषामा उखान शब्द संस्कृतको उपाख्यानबाट जन्मिए तापनि उपाख्यान र उखानमा अर्थभेद भइसकेको छ । उपाख्यान एक किसिमको कथा हो भने उखान चाँहि एउटा न एउटा लोक अनुभवलाई बोक्ने तथा लोक विश्वासलाई सूत्रवद्ध रुपमा पोख्ने खिरिलो उद्‌गारका रुपमा प्रचलित छ । यस प्रकार कुनै पनि जातिका भाषिक समुदायमा विभिन्न व्यक्तिले पुस्तौ पुस्तादेखि साझाअनुभवका रुपमा सँगालेको आख्यान अथवा दृष्टान्तमूलक अभिव्यक्तिको सामान्यीकरण नै उखानको रुपमा चलेको हुन्छ । लोक अनुभवबाट फस्टाउँदै माझिँदै पोटिलो हुने हुनाले यसलाई लोकोक्ति पनि भन्ने गरेको पाइन्छ । सानो टुक्का उखानले पनि परिपक्का अनुभवको निचोड दिँदैलोक व्यवहारमा गहकिला कुराको बोध गराउँछ । उखान प्रायः संसारका सबै भाषामा पाइन्छ । अंग्रेजीमा उखानलाई प्रोभर्व, हिन्दीमा कहावत्, लोकोक्ति, बंगालीमा लोकोक्ति, संस्कृतमा सुभाषित वा लोकोक्ति, राजस्थानीमा ओखाणे, कहवट भनिन्छ भने नेपाली भाषामा उखानलाई लोकोक्ति, चुटकिला, किस्सा उक्ति जस्ता शब्दहरूको प्रयोग पाइन्छ ।

उखान मूलतः कथ्य भाषाबाट विकसित भए तापनि लेख्य भाषामा पनि यसको प्रयोग पाउन सकिन्छ । उखानको अस्तित्व प्रयोगमा हुन्छ । प्रयोगले नै अभिव्यक्तिका क्रममा भाषालाई रोचक बनाउँछ । उखान कसिलो र छरितो रुपमा आएको गद्य उक्ति हो तर उखान गद्य नभए तापनि यसको सूत्रात्मक गद्यकथनमा पाउन सकिने लयात्मकता पाउन सकिन्छ ।

उखानलाई पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले आ-आफ्नै ढङ्गबाट परिभाषित गरेको पाइन्छ । जुन निम्नानुसार रहेको छ :

पाश्चात्य साहित्यका विद्वान् अरस्तुले तत्वज्ञाका खँडहरबाट चुनेर निकालिएको टुक्रा अनि जोगाइएको अंश उखान हो भनि आफ्नो मत प्रकट गरेका छन् भने पूर्वीय साहित्यकार कुन्दनलाल उप्रेतीका अनुसार उखानमा मानवीय ज्ञान र अनुभव आ-आफ्नै सहज तथा घनिभूत रुपमा विद्यमान रहन्छन् भनेका छन् ।

पाश्चात्य विद्वान् फिस्तेले उखान व्यवहारिक जीवनमा मार्गदर्शक उक्ति हो भनि आफ्नो धारणा व्यक्त गरेका छन् भने रसेलले उखानमा एकको सुझमा अनेकको बौद्धिक चातुर्य सन्निहित हुन्छ भनि भनेका छन् भने पूर्वीय विद्वान् सरोजानी रोहतगीले उखान लोक अनुभवका बुद्धि वैभवका सुन्दर अभिव्यक्ति हुन् भनि परिभाषा दिएका छन् ।

## २.३ नेपाली भाषा र साहित्यका विद्वान्ले दिएका उखान सम्बन्धी दृष्टिकोण

उखान भाषाको ज्यान हो जातिका अनुभवको सार हो भनि पारसमणि प्रधानले उखानलाई परिभाषित गरेका छन् भने स्थान्तरणले गर्दा उखानको रुप फरक पर्न जान्छ, अथवा एक ठाउँमा खुब प्रचलित भएको उखान अर्को ठाउँमा सुनिदै नसुनिन पनि सक्छ भनि पुष्कर शमशेरले परिभाषित गरेका छन् । यसै गरी बालकृष्ण पोखरेलले जब हामी उखान सुनिरहेका हुन्छौं, हामीलाई लाग्छ, मानौं हाम्रा पूर्वजले हाम्रा सन्तानले बाटो बिराउलान् र कर्तव्य नचिन्लान् भनि दिव्य भाषामा आकाशवाणी सुनाइरहेका हुन्छन् भनि आफ्नो मत राखेका छन् भने मोहनराज शर्माले वाक्यस्तरको संरचना हुने त्यस सूत्रात्मक उक्ति वा कथनलाई उखान भनिन्छ, जसको अर्थ त्यसका उत्ससँग सम्बद्ध हुन्छ भनि उखानलाई परिभाषित गरेका छन् भने सत्यमोहन जोशीले उखान भनेको पदलालित्यले हिस्सी परेको लाक्षणिक भावपूर्ण भएको एक लोकोक्ति हो । .................. एक किसिमले उखान भनेको हृदयकोश हो । जसको प्रयोग ठाउँ र वेला हेरी हुन्छ भनि उखानको परिभाषा दिएका छन् ।

## २.४ उखानको वर्गीकरण

उखानहरु लोक अनुभवबाट खारिएर निस्किएका सूत्रात्मक कथन हुन् । वस्तुतः उखानहरु कथ्य भाषाबाट विकसित भएका हुन्छन् । उखानमा व्यवहारिक ज्ञान पोखिएको हुन्छ ।

माध्यमिक तह कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका उखानहरुलाई विभिन्न आधारमा वर्गीकरण गरी अध्ययन गर्ने कार्य गरिएको छ । यस अध्ययनलाई कृष्णप्रसाद पराजुलीको नेपाली उखान र गाँउखाने कथा पुस्तकलाई आधार मानेर वर्गीकरण गरिएको छ ।

क. शारीरिक अङ्गसम्बन्धी :- मानव शरीरका विभिन्न अङ्गहरुको प्रयोग भई बनेका उखान माध्यमिक तहको कक्षा ९ र १० नेपाली पाठ्यपुस्तकमा प्रयोग भएको पाइन्छ ।

ख. सामाजिक तथा साँस्कृतिक विषयसम्बन्धी :- मानिसका दैनिक सामाजिक क्रियाकलापहरु, माया/प्रेम, आँसु/हाँसो, खानपिन, लेनदेन, मौलिक परम्परा, रीतिरिवाज आदि यसअन्तर्गत प्रयोग भएका हुन्छन् ।

ग. पशुपन्छीसम्बन्धी :- कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका उखानहरुमा पशुपन्छीहरुका विभिन्न नाम अङ्ग आदिको प्रयोग गरि निमार्ण भएको पाइन्छ ।

## २.५उखानको प्रयोजन

उखान भाषाको ओज हो । यो लक्षण वा सूत्रका रुपमा व्यक्त हुन्छ । उखानको प्रयोगले भाषा मार्मिक, सरस र सजीव हन्छ भने प्रवाहपूर्ण हुन्छ । उखानको प्रयोग विना भाषा कहिल्यै मौलाउन सक्दैन । उखानले भाषालाई परिपूर्ण बनाउँछ ।

नेपाली भाषालाई जीवन्तता प्रदान गर्न, सूत्रात्मक रुपमा मनोभावना व्यक्त गर्न, समयको सहि सदुपयोग गर्न, श्रोताको ध्यान आफूतिर आकर्षित गर्न उखानको प्रयोग हुन्छ । यी यस्तै उखानको प्रयोजन हुन् ।

## २.६पाठ्यपुस्तकमा उखानको उपयोगिता

उखानहरु प्रायः संसारका सबै जसो भाषामा प्रयोग भएको पाइन्छ । यसलाई विभिन्न नामले चिनिन्छ । लोकपरम्पराबाट चल्दै आएका ज्ञान वर्द्धक, सन्देशमूलक सूक्ति नै उखान हुन् । जनक शिक्षा सामग्री केन्द्रबाट प्रकाशित कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा विभिन्न प्रकारका उखानहरुको प्रयोग भएको पाइन्छ । ती उखानहरुको उपयोगितालाई निम्नानुसार देखाउन सकिन्छ । उखानले त्यस तहका विद्यार्थीहरुमा उखानसम्बन्धी धारणा बसाली उखानको प्रयोगमा उनीहरुलाई

अग्रसर गराएको हुन्छ । आजका विद्यार्थीहरु नै भोलिका भाषाका विशेषज्ञ हुन् । उनीहरुलाई खोजमूलक, अनुसन्धानात्मक र निरीक्षण विधिको माध्यमबाट उखानलाई प्रयोग गर्दै भाषालाई जीवन्तता प्रदान गर्नु यसको उपयोगिता हो । उखानको बढीभन्दा बढी प्रयोग गरी उखानलाई वृद्धि र विकास गरी जीवन्तता दिनु पर्ने हुन्छ । विद्यार्थीहरुले कथ्य भाषामा बढीभन्दा बढी उखानको प्रयोग गरी आफ्नो विचारलाई सबै सामू सरस र सहज बनाउन सकून् यो उखानको उपयोगिता हो । पाठ्यपुस्तकभन्दा बाहिरका उखानहरुको प्रयोग अर्थबोध गरी गर्न सक्ने बनाउन सक्नु यसको उपयोगिता हो । पाठ्यपुस्तकमा प्रयोग भएका उखानहरुको उपयोगिताहरु यी नै हुन् ।

## २.७ उखानको विशेषता

उखानमा लोकजीवनका सामाजिक, सांस्कृतिक, रीतिथिति तथा चालचलनको यथार्थ चित्र प्रस्तुत हुन्छ र त्यसका माध्यमले लोक जीवनका विभिन्न पक्षको अध्ययनमा उखान सहयोगी बनेका हुन्छन् । सामाजिक, साहित्यिक र भाषाशास्त्रीय दृष्टिकोणले पनि उखानको विशेषता प्रस्तुत गरिएको पाइन्छ । भाषालाई नयाँ बान्की दिनुका साथै मधुर, सशक्त र प्रभावशाली बनाउनुलाई पनि उखानको विशेषताको रुपमा लिन सकिन्छ । उखानको विशेषताबारे विभिन्न विद्वान्हरूले आ-आफ्ना विचारहरू यस प्रकार प्रस्तुत गरेका छन् ।

**हावेलकाअनुसार उखानको विशेषताहरुमा** संक्षिप्तता, सारगर्भितता र सप्राणता हुन्छ भनेका छन् भने **हेस्टिङकाअनुसार** संक्षिप्तता, सारगर्भितता, सप्राणता र लोकप्रियता भनेका छन् भने यसैगरी **डा. कृष्णदेव उपाध्यापकाअनुसार** समाज शैली, अनुभूति, निरीक्षण तथा सरलता हुन्छन् भनेका छन् भने **डा. श्याम परभारकाअनुसार** लाघवत्व, अनुभूति निरीक्षण, सरल भाषा, प्रभावोत्पादक शैली **र** लोकरञ्जन हुन्छ भनेका छन् भने **डा. कुन्दनलाल उप्रेतीकाअनुसार** ज्ञान र अनुभव, सार्वभौमिक एवम् सर्वकालिक, अज्ञात रचयिता, रसको अक्षय भण्डार, लाघवत्व, सरलता, सप्रमाणिकता र जिउँदोपन, विदग्धता वा भङ्गमा, सारगर्भितता र लोकप्रियता हुन्छ भनी आफ्नो धारणा व्यक्त गरेका छन् ।

## २.८ नेपाली उखानका मूल विशेषता

नेपाली भाषामा कतिपय उखान परम्परागत रुपमा रुपान्तरित भएर आइरहेका भए पनि अधिकांश उखान नेपाली जीवनका मौलिक सिर्जना नै हुन् । कुनै पनि जाति वा समाजमा भाषिक समुदायको अमूल्य रत्न (पराजुली २०५४:३१) भाषाको रुप परिवर्तनका क्रममा कतिपय

उखानअनुसार फेरेर आइरहेका हुन्छन् भने कतिपय उखान सहज ग्राह्य भएका कारणले पूर्वभाषा कै अवशेषका रुपमा देखिन्छन् । यसरी लोक जीवनको सार तथा उक्तिको चमत्कारको रुपमा यसले नेपाली लोकसाहित्यमा आफ्नो स्थान ओगटेको छ र नेपाली भाषा उखानका दृष्टिले मनग्य धनी पनि छ । नेपाली उखानमा भावको सरलता, प्रयोगको मधुरता, अनुभूतिको छटा, दृष्टान्त तथा जति गम्भीर हुन्छन् त्यतिकै व्यङ्ग्यात्मक पनि हुन्छन् । प्रायः सबै उखानमा पाइने विशेषता नेपाली उखानमा पनि पाइने हुनाले मूल विशेषतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### क. सारगर्भितता

सानोतिनो कथा वा पूरा अनुच्छेदले अर्थ्याउने कथनलाई एक टुक्रा उखानले च्वाट्टै भनिदिन्छ र त्यसको प्रभाव विद्युत तरङ्ग झैं भई मुटुसम्म पुग्ने गर्छ । वास्तविक कुरो मात्र छोएर दायाँ वायाँका प्रसङ्गलाई एक्कासी ध्वनित गर्ने अर्थ सामर्थ्य यसको मूलभूत विशेषता हो । यसरी गहन भएर पनि सरल हुनु व्यापक अर्थमा छरिएर पनि संक्षिप्त हुनु तथा सादा कथनमा पनि आलङ्कारिकको चमक आउनुलाई उखानको विशेषताको रुपमा लिन सकिन्छ । यिनमा नै नेपाली जीवनका अनमोल ज्ञान तथा अनुभूति सञ्चित भएको देखिन्छ । उखानका रचयिता अज्ञात रहे तापनि यिनले नेपाली लोकसाहित्यलाई सारगर्भित बनाएका छन् । उखानमा ज्ञान र अनुभवका किरण सलबलाई रहेको पाइन्छ ।

### ख. संक्षिप्तता

उखानको प्रमुख तत्त्व नै संक्षिप्तता हो । संक्षिप्ततामा जुन गम्भीर अर्थ पाइन्छ, त्यही अर्थ व्याख्याका रुपमा दिंदा जोडदार बन्न सक्दैन । उखानले एउटा सानो गाग्रोमा समुद्र भर्ने काम गरेको हुन्छ । उखानमा एक शब्द पनि फाल्तु हुँदैन । आकारका दृष्टिले नेपाली उखान दुई शब्ददेखि १०/१२ शब्दसम्म रहेका र बोल्न वा पढ्न दुई सेकेण्डदेखि १५/२० सेकेण्डसम्म लाग्ने हुन्छ ।

### ग. सरलता

नेपाली उखान सरल हुनुको साथै स्वभाविक हुन्छन् । भाषाको सरलताको उखान निकै प्रभावकारी हुन्छन् भने लोकजीवनमा पनि व्यापकरुपमा भिज्न सकेका हुन्छन् । नेपाली उखान चिटिक्क परेका र स्वादिला हुन्छन् । जस्तै, जसले मह काट्छ उसले हात चाट्छ, इन्द्रका अगाडि

स्वर्गको वयान, आफू ताक्छ मुढो बञ्चरो ताक्छ घुडो आदि । यिनै विशेषताले गर्दा नेपाली उखान लोकजीवनमा व्यापक रुपले भिज्न सकेका हुन् ।

### घ. सजीवताः

नेपाली उखान सत्यतामा आधारित तथा यथार्थपरक भएकाले तिनमा सजीवता रहेको हुन्छ । उखानले भाषामा प्राण सञ्चार गर्दै अभिव्यक्तिमा तीव्रता ल्याइदिन्छ । यसमा मूल कुरो मर्म छुने गरी चट्ट भनिएको हुन्छ र यसमा आलङ्कारिक कथन पनि रहेको
हुन्छ । हास्यव्यङ्ग्यका कोणबाट समेत कतिपय उखान रमाइला र चोटिला हुनुका साथै घोचपेचका आधारमा सुधारात्मक स्वर पनि दिएका हुन्छन् । जस्तैः आफ्नो आङ्को भैंसी नदेख्ने अर्काको आङ्को जुम्रा देख्ने, आयो दशैं ढोल बजाई, गयो दशैं ऋण बोकाइ आदि ।

### ङ. रुप विविधता

नेपाली उखानमा विषयगत र रुपगत विविधता पाइन्छ । कुनै प्रश्नोत्तर किसिमका हुन्छन् भने कुनै गीतात्मक पाराका हुन्छन् । कुनैमा संवादात्मकता भेटिन्छ भने कुनैमा तुकबन्दी मिलेको पाइन्छ । नेपाली उखान बोलचालका प्रसङ्गमा सङ्केतात्मक वा दृष्टान्तमूलक भएर जनजिब्रोमा स्वाटस्वाटी आँउछन् । सूत्रबद्ध भईकन तुकबन्दीयुक्त हुनु पनि नेपाली उखानको एउटा विशेषता हो ।

### च. लोकप्रियता

लोकप्रियता नेपाली उखानको मूल लक्षण हो । कुनै पनि कुरा लोकजीवनले अँगालेपछि नै प्रिय हुन्छन् र जनमानसमा रत्तिएपछि नै तिनले जीवन्तता पनि पाउँछन् । लोकजीवनको सेरोफेरोमा छ्यापछ्याप्ती भएर छरिनु नै यसको लोकप्रियताको प्रमुख कारण हो । पुस्तौंपुस्तादेखि जनजिब्रोमा खेल्दै खारिदै आएकाले पनि यिनको लोकप्रियताको लख काट्न सकिन्छ ।

## २.९ टुक्काको परिचय

टुक्कालाई लोक साहित्यको लोकोक्तिका रुपमा प्रचलित श्रव्य विधाअन्तर्गतको एक उपविधा मानिन्छ । यसलाई तुक्का पनि भन्ने गरेको पाइन्छ । नेपाली भाषामा टुक्काको पर्यायवाची शब्दको रुपमा वाक्पद्धति, वाग्धारा, वाग्रीति, वाक्याशं, पदावली, पदसमूह, मुहावरा जस्ता शब्दहरू प्रचलित रहेका देखिन्छन् । टुक्कालाई हिन्दीमा मुहावरा, अंग्रेजीमा इडियम्स र संस्कृतमा वाग्रीति, वाग्धारा

भनिन्छ । टुक्का भाषाका अपूर्ण वाक्यांश हुन् जसलाई वाक्यमा प्रयोग गरेपछि मात्र पूर्ण मान्न सकिन्छ । टुक्काले भाषालाई चमत्कारपूर्ण अर्थ प्रदान गर्नुको साथै रोचक बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ तर यसलाई वाक्यको संरचनाबाट हटायो भने वाक्यको अर्थ गाम्भीर्यता र स्वरुप नै भताभुङ्ग हुन्छ । कुनै एउटा क्रियामा विशेष शब्द गासिँदा टुक्काको निर्माण हुन्छ र टुक्काले बुझाउने अर्थ लक्ष्यार्थमूलक हुन्छ । कथ्य लेख्य सन्दर्भमा टुक्काको प्रयोग हुँदा अभिव्यक्ति विशिष्ट बन्छ । त्यसकारण कलात्मक तथा सौन्दर्यात्मक भाषिक अभिव्यक्तिका निम्ति टुक्काको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ । टुक्काको उत्पत्तिका सम्बन्धमा जब मानिसले सामान्य कुरालाई साधारण शब्दमा अभिव्यक्त नगरेर घुमाई फिराई भन्न थाल्यो तब यसको उत्पत्ति हुन पुगेको देखिन्छ । टुक्कालाई भाषाको प्राण र लोकसांस्कृति सम्पत्ति मानिन्छ । टुक्का भाषामा प्रयोग गरिने छोटा वाक्य खण्ड हुन् जसको प्रयोगले दैनिक भाषिक व्यवहारमा आफ्नो बोलीलाई रोचक र प्रभावकारी बनाई अर्थमा नयाँ चमत्कार ल्याउँछ । "अभिव्यञ्जनापूर्ण टुक्रे वाक्य वा वाक्यांश" (ने.वृ.श. २०४०:५४०) लाक्षणिक अर्थ प्रदान गर्ने टुक्काले वाक्यलाई कसिलो बनाउँछ । भाषालाई सजीव, मार्मिक, स्वादिलो र मनमोहक बनाउन भनाइमा रोचकता थप्न टुक्काको प्रयोग गरिन्छ । यसरी टुक्कालाई जिउँदो भाषाको मुटु भनिन्छ । टुक्काको बारेमा विभिन्न विद्वान्हरूले निम्नानुसार आफ्ना धारणा प्रस्तुत गरेका छन् ।

कृष्णप्रसाद पराजुलीले टुक्काको सार्थकता एकै वाक्यमा गाँसिएर प्रयोग हुन्छ र प्रयोगद्वारा नै यसको अर्थबोध पनि गर्न सकिन्छ । टुक्काले लाक्षणिक वा विशेष अर्थ दिन्छ र यसमा भाव तीक्ष्णता र संक्षिप्तता बेसी हुन्छ भनेका छन् भने चूडामणि बन्धुले जब सँगै आएका एकभन्दा बढी पदहरूले आफ्नो वाचक अर्थ छोडेर अर्कै अर्थ दिन लाग्छन् त्यस्तालाई मुहावरा भनिन्छ । त्यस्ता मुहावरामा सम्पूर्ण पदसमूह विशिष्ट अर्थ दिनका लागि प्रयुक्त हुन्छन् भनी आफ्नो धारणा व्यक्त गरेका छन् । यसै गरी टुक्काको सम्बन्धमा नेपाली वृहत शब्दकोशमा टुक्का अभिधात्मकभन्दा भिन्नै अर्थ बुझाउने अभिव्यञ्जना भएको पद वा पदावली हुन् भनिएको छ भने बल्लभमणि दाहालले टुक्का भनेको त्यस्तो शब्दहरूको समूह/पदावली वा वाक्यांश हो जसको अर्थ टुक्काका संरचनाभित्रका शब्दहरूको अर्थबाट निस्कन सक्दैन, कारण यसको विशेष टुक्कागत अर्थ हुन्छ । टुक्काको रचना पदावलीगत तथा वाक्यांशगत भए तापनि अर्थका दृष्टिले एउटा सिंगो एकाई हुन्छ र शब्दको जस्तो प्रकार्य गर्दछ भनी आफ्नो धारणा प्रकट गरेका छन् र मोहनराज शर्माले यदि कुनै वाक्यांश, पद अथवा पद

समूहले कुनै अर्ति, उपदेश, सुक्ति अथवा परम्परागत उदगार प्रकट नगरिकनै वाच्यार्थमा बाधा तेर्सायो र लक्ष्यार्थ जाहेर गऱ्यो भने त्यो टुक्का अथवा तुक्का कहलाउँछ ।

क्रियासँग खास-खास शब्दको संग्रहित रचना भएको त्यस पदसमूहलाई टुक्का भनिन्छ । जो अभिधेय नभएर विशिष्ट अर्थमा रुढ हुन्छ भनी आफ्नो मत प्रकट गरेका छन् ।

## २.१० टुक्काको संरचनागत तत्त्व

टुक्का एक वा एकभन्दा बढी मुक्त रुपको सङ्गठित रुप हो । "कुनै कविता वा गीतको सानो अंश पाठको अन्तिम भाग" (ने.वृ.श. २०४०:५४२) । यसको संरचनामा रहेको शब्दहरू एक अर्कासँग बलियो गरी गाँसिएका हुन्छन् । टुक्काको संरचनामा रहेका शब्दको छुट्टाछुट्टै प्रयोग गर्दा र कुनै एक शब्दलाई झिकेर त्यस ठाउँमा त्यस्तै अर्को शब्द राख्दा संरचना भताभुङ्ग भई अर्थमा फरक पर्न जान्छ । जस्तै पेट काट्नुको अर्थ कम खाना खानु वा असाद्धै दुःख पाउनु पनि हो । यसलाई वाक्यमा प्रयोग गर्दा मैंले आफ्नो पेट काटेर बहिनीलाई पढाएको हुँ । पेट को ठाउँमा भुँडी उदर शब्द राखियो भने टुक्का बन्दैन । एक वा एकभन्दा बढी शब्दहरू मिलेर बन्ने टुक्काको अर्थ वाच्यार्थभन्दा लक्ष्यार्थ प्रधान हुन्छ । पद समूहअन्तर्गत जुन शब्द पायो त्यही शब्द राखेर टुक्का बन्दैन । टुक्काको निर्माण खास खास शब्दका साथ खास खास क्रियाको मेल भएपछि मात्र हुन्छ र यस्ता टुक्काहरूले विशेष अर्थ दिन्छन् स्वतन्त्र अस्तित्व र अर्थ भएका दुई वा दुईभन्दा बढी शब्दहरूको परस्पर मेल भई तिनले दिने विशेष अर्थको द्योतन हुँदा मात्र टुक्काको निर्माण हुन्छ । "कविता वा गीतको दुई दुई चरणका अन्तिम शब्द वा शब्दको फाँकी मिलाउने काम अन्त्यानुप्रास" (ने.वृ.श. २०४०:५४२) हो । टुक्काभन्दा बाहिर अन्य ठाउँमा त्यस्ता शब्दको आ-आफ्नै स्वतन्त्र अर्थ र अस्तित्व रहेको हुन्छ । जस्तै आँखा लाग्नु, आँखाले हेर्नु इन्द्रीय विशेष हो भने लाग्नु कुनै ठाउँमा प्रयोग हुनु वा टाँसिनु हो । यी दुबै मिलेर आँउदा टुक्काको निर्माण हुन्छ र विशिष्ट अर्थ निस्कन्छ । नेपाली लोकजीवनमा प्रचलित टुक्काहरूको निर्माण तिन किसिमले भएको देखिन्छ । जसलाई निम्नानुसार देखाउन सकिन्छ ।

### क. खास पद र खास क्रियाको संयोजन

टुक्का निर्माणको खास आधार भनेको नै खासखास शब्दका साथ खासखास क्रियाको संयोजन हुनु हो । भाषिक भण्डारका सबै शब्दहरूबाट टुक्का बन्न सक्दैन । टुक्का खासखास शब्दबाट मात्र बन्दछ । यसमा शब्दवर्गका नाम, सर्वनाम, विशेषण, अव्यय र क्रिया सबै नै प्रयुक्त हुन सक्छन् । टुक्कामा

विशेषगरी क्रियाहरूको विशेष भूमिका रहन्छ । यसको निर्माणमा प्रयोग हुने शब्दहरू सरल हुन्छन् र दैनिक जीवनका प्रयोगबाट त्यस्ता शब्दहरूको छनोट गरिन्छ । शरीरका अङ्ग, घरेलु वस्तुहरू, प्रकृति, पशुपन्छी र समाजका विभिन्न वस्तु, भाव र कार्यलाई जनाउने शब्दको मेलबाट टुक्काहरू बन्दछन् । टुक्का खासखास क्रियासँग खासखास शब्द मिलेर बनेको हुन्छ । यसमा न कुनै पर्यायवाची शब्द राख्न मिल्छ न अर्को शब्द राख्न मिल्छ । जस्तै आँखा तर्नु, यहाँ तर्नु मा जुन पायो त्यही शब्द राख्न आएर टुक्का बन्न सक्दैन । टुक्काहरूले खासखास क्रियाका साथ खासखास शब्द मिलेर विशेष अर्थ धारण गरेका हुन्छन् ।

### ख. अर्थगत विशिष्टता

सामान्य कथनभन्दा टुक्काले दिने अर्थ विशिष्ट किसिमको हुन्छ । त्यसैले भाषिक चमत्कार र सौन्दर्यका निम्ति टुक्काको प्रयोग गरिन्छ । टुक्काले वाच्यार्थ त्यागगरी लक्ष्यार्थ प्रदान गर्दछन् । कुन टुक्का हो कुन टुक्का होइन भनी छुट्याउने मूल आधार त्यसको अर्थगत विशिष्टता हो । जस्तै हावा खानु, आलु खानु, कान खानु जस्ता पदसमूहले आफ्नो वाच्यार्थ त्यागेर लक्ष्यार्थ दिएका छन् । तर भात खानु, पानी दिनु, किताब पढ्नु जस्ता पदसमूहले लक्ष्यार्थ दिंदैनन् र वाच्यार्थ मात्र प्रकट गर्छन् । त्यसैले लक्ष्यार्थ प्रकट नगर्ने पदसमूहलाई टुक्का मानिंदैन ।

टुक्काको निर्माणमा विशेष अर्थ द्योतन हुन्छ । विशेष अर्थको द्योतन भएन भने त्यो टुक्का नभई सामान्य कथन मात्र हुन्छ । जस्तैः घाउ कोट्याउनुको अर्थ पहिले भएको घाउलाई कोट्याउनु नभई पुराना घटनालाई सम्झनु भन्ने विशिष्ट अर्थ प्रकट हुन आउँछ । त्यस्तो लाक्षणिक अर्थ टुक्काले मात्र द्योतन गर्दछ ।

### ग. सन्दर्भ प्रयोग

टुक्काको सार्थकता त्यतिबेला देखिन्छ जब भाषिक अभिव्यक्ति उचित ठाँउमा सन्दर्भ मिल्ने गरी प्रयोग गरिन्छ । वाक्यमा प्रयोग गरेपछि मात्र टुक्काको अर्थगत चमत्कार र भाषिक सौन्दर्य देखिन्छ । जस्तै : रामले यसपालीको जाँचमा पनि आलु खाएछ । यहाँ आलु खानुले जाँच दिने बेलामा आलु खानु नभई फेल हुनु हो भन्ने बुझाउँछ । यदि यसलाई हामी आलु खानु अर्थात् घरमा आलुको तरकारी खान्छौंभन्दा टुक्काको अर्थ बन्दैन र लक्ष्यार्थ पनि आउँदैन । तसर्थ पद पदावली मात्र आफैंमा टुक्का होइनन्, तिनको प्रयोग सन्दर्भले मात्र टुक्का बन्दछन् ।

## २.११ उखान र टुक्कामा समानता

भाषाले मानव अनुभूतिको संचार माध्यम ग्रहण गर्न थालेपछि नै उखानटुक्काको प्रचलन हुन थालेको हो । नेपाली भाषा र साहित्यलाई खँदिलो तुल्याउने र सिँगार्ने काममा उखानटुक्काहरू निकै प्रभावशाली हुन्छन् । उखानटुक्काको इतिहास पनि नेपाली भाषाकै इतिहास सरह पुरानो छ । उखानटुक्काको प्रयोग स्थितिलाई हेर्दा शिक्षित देखि अशिक्षित व्यक्तिहरूले साझा सम्पत्तिको रुपमा ग्रहण गरेको पाइन्छ । उखानटुक्काहरू कुराको प्रसङ्गमा प्रयोग हुन आउँछन् । यी जति पुराना भए पनि सधैं ताजा र नयाँ लाग्ने हुन्छन् ।

वास्तवमा उखानटुक्का दुबैले अभिव्यक्तिमा ताजापन निख्खरपन र विशिष्टता ल्याउने माध्यम हुन् भन्दैमा यी दुबै एउटै हुन् भन्न मिल्दैन । उखान अर्थपूर्ण स्वतन्त्र वाक्य हो भने टुक्का अर्थपूर्ण पदावली हो । टुक्का वाक्यमा प्रयोग भएपछि मात्र अर्थपूर्ण बन्छ । उखान आलङ्कारिक रुपमा व्यक्त हुन्छ भने टुक्का शब्दशक्तिअन्तर्गत लाक्षणिक रुपमा व्यक्त हुन्छ । उखान र टुक्का बीचमा प्रशस्त भिन्नता हुँदाहुँदै पनि केही कुरामा समानता भएको पाइन्छ । उखान र टुक्का दुबै लोकोक्तिको रुपमा प्रचलित लघु अभिव्यक्ति भएको हुँदा समानता देखिने गर्दछ । उखान र टुक्का बिचको समानता निम्नानुसार रहेका छन् ।

- उखान र टुक्का दुबै लोक जीवनमा पुस्तौदेखि चलिआएका लोकोक्तिका रुपमा प्रचलित विधा हो ।
- दुबै लोकसाहित्यका अन्य विधाका तुलनामा लघु अभिव्यक्ति हुन् ।
- उखान र टुक्का दुबैले दिने अर्थमा सामान्य अर्थ नभई लक्ष्यार्थमूलक विशेषार्थ प्रधान हुन्छ ।
- उखान र टुक्का दुबै प्रतीकात्मक रुपमा प्रयोग हुन्छन् ।
- उखान र टुक्का दुबै मौखिक र लिखित भाषिक अभिव्यक्तिलाई प्रभावकारी बनाउन प्रयोग हुन्छन् ।
- दुबैमा लोकजीवनको सामाजिक, साँस्कृतिक र ऐतिहाँसिक चित्र प्रतिबिम्बित भएका हुन्छन् ।
- उखान र टुक्का युगौंदेखि मौखिक परम्परामा जीवित हुँदै आएका लोकसाहित्यिक विधा हुन् ।
- उखान र टुक्का दुबैमा अर्थगत, ध्वन्यात्मकता, सरलता र सरसता जस्ता विशिष्ट गुण पाइन्छन् ।

## २.१२ उखान र टुक्कामा भिन्नता

लोक साहित्यका विभिन्न विधाहरूमध्ये उखान र टुक्का भिन्नाभिन्नै विधा हुन् । “लोक प्रचलनमा आएका सम्पूर्ण कथन र लाक्षणिक अर्थदिने पदावली, मुहावरा” (प्र. ने. श. २०६६: ९८) । यी दुई विधाको छुट्टाछुट्टै अस्तित्व स्थापित भइसकेको छ । कतैकतै यी दुई विधालाई एकैसाथ उखान टुक्का भन्ने प्रचलन भए तापनि यी दुई विधा लोकसाहित्यका भिन्न विधा हुन् । उखान र

टुक्काले अलग अलग अस्तित्व बोकेर उभिएको पाइन्छ । विभिन्न विद्वानहरूले उखान र टुक्का बीचमा दिएका भिन्न धारणाहरू यस प्रकार प्रस्तुत गरिएको छ ।

"उखान नीतिसाहित्यअन्तर्गत आउँछ, टुक्का भने नीतिपरक नभै लक्षणात्मक हुन्छ । अर्थका दृष्टिले पनि उखान स्वतः पूर्ण हुन्छ टुक्का चाहिँ अपूर्ण" हुन्छ भनी  कृष्णप्रसाद पराजुलीले आफ्नो धारणा राखेका छन् भने "उखानहरू आफैंमा पूर्ण उक्ति हुन् । टुक्काहरू यस्ता उक्तिहरूमा प्रयोग गरिने पदावली हुन् । उखानका तुलनामा टुक्काहरू अपूर्ण हुन्छन् ।" भनी चूडामणि बन्धुले उखान र टुक्का बिचको भिन्नता रहेको धारणा व्यक्त गरेका छन् भने "टुक्का र लोकोक्ति प्रायः वाक्यकै रुपमा हुन्छन् र यी प्रायः आफैंमा परिपूर्ण हुन्छन् । यिनको आफ्नै अस्तित्व हुन्छ । वाक्यहरूमा यी अलगै स्वतन्त्र ठाउँ ओगट्न पुग्छन् । यसैले वाक्यबाट उखानको घचेटाई भएमा पनि वाक्यको स्वरुप खास त्यति बिग्रदों अवस्थामा हुँदैन - यसको विपरीत स्थिति छ टुक्काको । अतः यिनमा परस्पर महत्त्वपूर्ण अन्तर भएको हामी पाउँछौँ ।" भनी धर्मराज थापा र हंशपुरे सुवेदीले आफ्नो विचार राखेका छन् भने "दुई टुक्रा पार्‍यो भने अर्थात् एउटा काम हुँदा अर्को काम बन्ने भयो भने उखान र एउटा मात्र कुरा बुझाउने तथा काम देखाउने भयो भने टुक्का हुन्छ ।" भनी पुस्कर शमशेर उखान र टुक्का बिच भिन्नता व्यक्त गरेका छन् । यसै गरी भोजराज ढुङ्गेल "उखान जस्ताको तस्तै प्रयोग हुन्छ भने टुक्का चाहिँ व्याकरणका काल, पुरुष, वचन आदिअनुसार परिवर्तित हुन्छ ।" भनी आफ्नो धारणा राखेका छन् भने अन्त्यमा मोहनराज शर्माले "टुक्कालाई झिक्दा वाक्यको संरचना भत्किन्छ तर उखानलाई झिक्दा न संरचना भत्किन्छ न अर्थ परिवर्तन हुन्छ ।" भनी आफ्नो धारणा व्यक्त गरेका छन् ।

यसरी उखान र टुक्का बिचको अन्तरलाई विभिन्न विद्वान्हरूले विभिन्न ढङ्गले प्रस्तुत गरे तापनि सारपूर्ण रुपमा सबै विद्वान्हरूको मत मिल्न गएको देखिन्छ ।

उखान र टुक्का बीचको खास अन्तरलाई निम्नानुसार अझ प्रस्ट पारिएको छ ।

उखान र टुक्का लोकसाहित्यका बेग्लाबेग्लै विधा हुन् । उखानलाई आहान, किस्सा, भनाई, कथन, उक्ति, लोकोक्ति भनिन्छ भने टुक्कालाई वाग्धारा, वाग्रीति, मुहावरा र वाक्यांश भनिन्छ । यसैगरी उखानमा व्यञ्जनार्थको प्राधान्य हुन्छ भने टुक्का मूलतः लक्ष्यार्थमा आधारित हुन्छ । यसैगरी उखान एउटा पूर्ण वाक्य कथन हो भने टुक्का वाक्यको एउटा खण्ड वा अंश हो । यसैगरी उखान

स्वतन्त्र वाक्य हो भने टुक्का स्वतन्त्र वाक्य खण्ड नभई वाक्यमा आश्रित एउटा अंश मात्र हो । यसैगरी उखान लघु आकारको हुन्छ भने टुक्का लघुतम आकारको हुन्छ । यसैगरी उखान नीतिसाहित्यअन्तर्गत आउँछ, टुक्का नीतिपरक नभएर लक्षणात्मक हुन्छ । अर्थका दृष्टिले पनि उखान स्वतः पूर्ण हुन्छ, टुक्काचाहिँ अपूर्ण हुन्छ । यसैगरी उखान कुराकानीका प्रसङ्गमा आउने दृष्टान्त मूलक कथन हो भने टुक्का चाहिँ अनुक्रम मिलेको कार्यव्यापार मात्र हो । उखानको प्रचलन भिन्न अस्तित्वका रुपमा भएको देखिन्छ । टुक्का भने साधारण अर्थभन्दा बेग्लै र विलक्षण अर्थमा रुढ हुन्छ र वाक्यमा मिलेपछि नै यसको विशिष्ट अर्थ खुल्छ । यसैगरी उखान लयात्मक र गद्यात्मक पनि हुन्छ भने टुक्काहरू गद्यात्मक मात्र हुन्छन् । यसैगरी उखानलाई टुक्राएर टुक्का बनाउन सकिन्छ तर टुक्कालाई लम्ब्याएर उखान बनाउन सकिदैन । जस्तै 'आकाशको फल आँखा तरी मर' एउटा उखान हो भने 'आकाशको फल हुनु' एउटा टुक्का बन्न पुग्छ । यसैगरी उखान विशेषतः नीतिशिक्षा मूलक र व्यङ्ग्यात्मक हुन्छ भने टुक्काहरू कार्य व्यापारात्मक हुन्छन् । यसैगरी एउटा भाषामा प्रचलित उखानलाई अर्को भाषामा रुपान्तरित गर्दा पनि फरक पर्दैन भने एउटा भाषाको टुक्कालाई अर्को भाषामा अनुवाद गर्न सकिँदैन । यसैगरी उखानले वाक्यमा प्रयोग नभए पनि छुट्टै अर्थ प्रदान गर्न सक्छ भने टुक्काले वाक्यमा प्रयोग भएपछि मात्र अर्थ प्रदान गर्दछ । यसैगरी उखानको क्रिया सामान्यतया व्याकरणात्मक कोटि अनुरुप स्थापित हुँदैन भने टुक्काको क्रियामा नियमानुसार बदल्न सकिन्छ । यसैगरी टुक्कामा कार्यव्यापार बढी मात्रामा हुन्छ भने उखान नैतिक दृष्टान्तले भरिएको हुन्छ । यसैगरी  उखान अनुभवको ज्योति हो । तिनमा सर्वदेशीय, सर्वकालीन सत्यता पाइन्छ । एउटा भाषामा प्रचलित उखान अर्को भाषामा पनि प्रचलित हुन सक्छ तर टुक्कामा भने त्यस्तो हुँदैन ।

# परिच्छेद तिन
# अध्ययन विधि

## ३.१ परिचय

नयाँ नयाँ तथ्य प्राप्त गर्न वस्तुपरक र व्यवस्थित विधिका माध्यमबाट गरिने खोज अनुसन्धान हो । अनुसन्धान गर्नका लागि विषयवस्तुको प्रकृति र क्षेत्रअनुसार विभिन्न विधिहरूको प्रयोग गरिएको हुन्छ । अनुसन्धान गर्ने क्रममा सुरुदेखि अन्त्यसम्म के कस्ता प्रक्रिया र विधिहरू छनोट गरी कुन स्रोतबाट कसरी सामग्री जुटाउने भन्ने कुरा खुलाइएको हुन्छ ।

प्रस्तुत अध्ययन माध्यमिक तहको कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काहरूको पहिचान र प्रयोग भएका उखानटुक्काहरूको पहिचान र प्रयोग क्षमताको अध्ययन गर्न खोजिएको छ । यस कार्यको लागि माध्यमिक तह कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काहरूको सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीहरूको व्याख्या विश्लेषण गर्नु पर्ने भएकाले पर्सा जिल्लाका कक्षा नौ र दशमा पढ्ने विद्यार्थीहरूलाई केन्द्रबिन्दु बनाई नमुना सर्वेक्षण विधि र पुस्तकालय अध्ययन विधि दुबैलाई अगाडि बढाइएको छ । पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काहरूको सङ्कलन गरी त्यसको विश्लेषण गर्नुपर्ने भएकाले पुस्तकालय अध्ययन गरिएको छ । उखानटुक्काको प्रयोग क्षमताको अध्ययन गर्नको लागि जनसङ्ख्या पहिचान प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन, सामग्री निर्माण र सङ्कलित सामग्रीको व्याख्या विश्लेषण जस्ता कार्य गरिएको
छ । अध्ययनमा प्रयोग गरिएका प्रक्रियाहरूको विस्तृत विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ३.२ जनसङ्ख्या पहिचान

शैक्षिक सत्र २०६९/२०७० मा माध्यमिक तह कक्षा ९ र १० मा अध्ययन विद्यार्थीहरूलाई प्रस्तुत अध्ययनका लागि जनसङ्ख्याका रुपमा लिइएको छ । अध्ययनको समयसीमा लगानी प्रयोजन आदिका कारणले सम्पूर्ण विद्यार्थीहरूलाई छनोट गर्न नसकिए तापनि प्रतिनिधि जनसङ्ख्याको रुपमा पर्सा जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका कक्षा ९ र १० का जम्मा १०० जना विद्यार्थीहरूलाई मात्र जनसङ्ख्याका रुपमा लिइएको छ ।

### ३.२.१ प्रतिनिधि नमुना

प्रतिनिधि नमुनाले जनसङ्ख्याको प्रतिनिधित्व गर्न सकोस् र जनसङ्ख्याका विशेषता र गुणहरू त्यस्ता नमुनामा समाहित होऊन् भन्ने उद्देश्यका साथ प्रतिनिधि नमुनाको छनोट गरिएको हुन्छ । अनुसन्धानका सिलसिलामा तथ्य सङ्कलन गर्नको लागि प्रत्येक विद्यार्थीलाई भेट्न र सम्पूर्ण जनसङ्ख्याबाट सामग्री सङ्कलन गर्न सम्भव नहुने हुँदा सम्पूर्णबाट केही प्रतिनिधिको छनोट गरिएको हुन्छ । यस अध्ययनमा जनसङ्ख्याको प्रतिनिधि नमुना छनोटमा पर्सा जिल्लाभित्रको पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयहरू रहेका छन् । सामुदायिक विद्यालयहरूमा पर्सा जिल्ला श्री सरस्वती उच्च मा.वि. ठोरी, श्री नेपाल राष्ट्रिय उच्च मा.वि दीपक नगर, श्री नेपाल राष्ट्रिय उच्च मा.वि. ओडार निर्मलवस्ती, श्री उच्च मा.वि. विजयवस्ती, श्री ज्ञानवाटिका माध्यमिक विद्यालय सुर्वणपुर रहेका छन् । त्यस्तै गरी संस्थागत विद्यालयहरूमा पर्सा जिल्ला विरगञ्ज उपमहानगर पालिका भित्रका चिल्ड्रेन्स प्याराडाइज मा.वि., न्यु वेभ एकेडेमी, ओसिस माध्यमिक विद्यालय, होलीहोम इंलिस वोर्डिङ मा.वि., विद्या सदन मा.वि. रहेका छन् । पर्सा जिल्ला भित्रका यी विद्यालयहरूको कक्षा ९ र १० का १०/१० जनाका दरले विद्यार्थीहरू छनोट गरी अध्ययन गरिएको छ । सामुदायिक विद्यालयको ५० जना र संस्थागत विद्यालयको ५० जना विद्यार्थी प्रतिनिधि नमुनाको रुपमा लिइएको छ ।

उखानटुक्काको छनोट गर्दा केही उखानटुक्काहरू वाक्यमा प्रयोग गर्ने, जोडा मिलाउने, ठीक उत्तरमा चिनो लगाउने अनुच्छेद लेखन गर्ने, निबन्ध लेखन गराइ त्यसको आधारमा अनुसन्धान गरिएको छ ।

### ३.२.२ सामग्री निर्माण

अनुसन्धानलाई विश्वसनीय र प्रमाणिक बनाउनको लागि सामग्रीको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । तसर्थ अनुसन्धान कर्ताले अनुसन्धान गर्दा सामग्रीका प्रकार र सामग्री प्राप्त गर्ने स्रोतका बारेमा ज्ञान प्राप्त गरेको हुनुपर्दछ । प्रस्तुत अध्ययनको प्रकृतिको आधारमा माध्यमिक तहको कक्षा ९ र १० को पाठ्यपुस्तकमा प्रयोग भएका उखान र टुक्काहरू मध्ये वाक्यमा प्रयोग गर्ने, ठिक उत्तरमा चिनो लगाउने, जोडा मिलाउने, उखान र टुक्का प्रयोग गरी अनुच्छेद लेखन गराउने र निबन्ध लेखन गराउने कार्य गरिएको छ ।

### ३.२.३ तथ्याङ्क सङ्कलन

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क गर्ने क्रममा प्रतिनिधि नमुनाका रुपमा छनोट गरिएका विद्यालयका विद्यार्थीहरूबाट निर्धारित उखानटुक्काहरू विभिन्न किसिमले विद्यार्थीहरूलाई प्रयोग गर्न लगाइयो । २०६९ को माघ, फागुन महिनाको समयसीमा भित्र प्रस्तुत तथ्य सङ्कलन गरिएको छ । तथ्य सङ्कलनका लागि छनोट गरिएका पर्सा जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका कक्षा ९ र १० का १०/१० जना विद्यार्थीहरूलाई उखानटुक्का सम्बन्धी दिइएको थियो । निर्धारित १ घण्टाको समयसीमा भित्र उक्त कार्य पूरा गर्न विद्यार्थीलाई आवश्यक निर्देशन दिइएको थियो ।

### ३.२.४ व्याख्या विश्लेषण

प्रस्तुत अध्ययनको शीर्षक **पर्सा जिल्लाको माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन**सँग सम्बन्धित रहेको हुँदा यसमा तथ्य सङ्कलनका क्रममा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूलाई वर्गीकरण गरी प्राप्त तथ्याङ्कलाई तालिकाबद्ध गरियो । तथ्य विश्लेषणका क्रममा सम्पूर्ण विद्यार्थीहरूको प्राप्ताङ्कलाई उच्च स्थान, मध्य स्थान र निम्न स्थान गरी ६ श्रेणीमा विभाजन गरियो ।

क. मध्यमान (Mean) निकाल्न प्रयोगमा आएको सूत्रः

$$\bar{x} \,\mathrm{X} \frac{fx}{N}$$

यहाँ

$\bar{x}$ = मध्यमान

$f$ = बारम्बारता

$x$ = $x$ हरूको कूलयोग

N = जम्मा सङ्ख्या

$x$ = तथ्याङ्कलाई जनाउने

ख. मानक विचलन गणना गर्न प्रयोगमा आएको सूत्रः

$$a \,\mathrm{X} \sqrt{\frac{fd^2}{N} \mathrm{Z} \; \frac{fd^2}{N}}^{\,2} \;|\, I$$

यहाँ

a = मानक विचलत

X = तथ्याङ्क

f = बारम्बरता

I = ग्रुपअन्तर

M = मध्यबिन्दु

N = बारम्बारताको योग

= सिग्मा (योगफल भन्ने अर्थ लाग्छ)

ग. प्रतिशताङ्क (Percentile) गणना गर्न उपयोगमा आएको सूत्रः

$$P\ \mathrm{X}\frac{R}{T}\,|100$$

यहाँ

P = प्रतिशत

T = कूल विद्यार्थी सङ्ख्या

R = तोकिएका श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी सङ्ख्या

# परिच्छेद चार

# उखानटुक्काको सङ्कलन तथा वर्गीकरण

## ४.१ परिचयः

प्रस्तुत शोधकार्य **पर्सा जिल्लाका माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्काको प्रयोग क्षमताको अध्ययन** रहेकाले जनक शिक्षा सामग्री केन्द्रबाट प्रकाशित माध्यमिक तह कक्षा ९ र १० को नेपाली किताबबाट उखानटुक्काहरू सङ्कलन गरिएको छ। उक्त पाठ्यपुस्तकमा रहेका उखानटुक्काहरूलाई शारीरिक अङ्ग, सामाजिक तथा सांस्कृतिक विषय र पशुपन्छी आदि विषयका आधारमा वर्गीकरण गरिएको छ।

## ४.२ कक्षा ९ र १० को पाठ्यपुस्तकमा प्रयोग भएका उखानहरू

यसअन्तर्गत कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त उखानहरुलाई वर्णानुक्रम अनुसार राखिएको छ।

१ अगुल्टाले हानेको कुकुर विजुली जम्किदा तर्सिन्छ
२ अचानाको पिर खुकुरीले जान्दैन
३ अड्को पड्को तेलको धुप
४ अनाथको सहाय दैव
५ अभागीलाई कहीँ न कहीँ भाग्यमानीलाई जहीँ तहीँ
६ अरुको लाख आमाको काख
७ अर्काको नासो गलाको पासो
८ अल्छी तिघ्रो स्वादे जिब्रो
९ आए आँप गए झटारो
१० आकाशको फल आँखा तरी मर
११ आँखाको कसिङ्गर हुनु
१२ आँटी छोरालाई बाघले खाँदैन
१३ आधार नपाएर बगरमा परेको डुङ्गा जस्तै
१४ आफू नमरी स्वर्ग देखिँदैन

१५ आफ्नो आँङ्को भैंसी नदेख्ने, अर्काको आँङ्को जुम्रो देख्ने
१६ आलु खाएर पेडाको धाक लगाउनु
१७ इन्द्रका अगाडि स्वर्गको वयान
१८ इलमीको भागमा माछा र मासु अल्छीको भागमा सँधै आँसु
१९ उचालेको कुकरले मृग मार्दैन
२० उद्देश्य के लिनु? उडी छुनु चन्द्र एक
२१ उद्योगीले जोगी हुनु पर्दैन
२२ ऋण लागोस् तर दिन नलागोस्
२३ एक छाक मकै एक छाक भोकै
२४ एक थुकी सुकी हजारथुकी नदी
२५ एक हातले ताली बज्दैन
२६ ओरालो लागेको मृगलाई बाछोले पनि लखेट्छ ।
२७ औषधी र अर्ति तीतै हुन्छ ।
२८ कच्चा वैद्यको मात्रा यमपुरीको यात्रा
२९ कर्कलाको पातमा अडिएको पानी जस्तो
३० कहिले हस्तिनापुरको राज कहिले चपरी मुनीको बास
३१ कागलाई बेल पाक्यो हर्ष न विस्मात्
३२ कागले छेरेको जस्तो
३३ कानो गोरुलाई औंसी न पुर्ने
३४ काम कुरो एकातिर कुम्लोबोकी ठिमीतिर
३५ काम साँची आफूलाई खान साँची अरुलाई
३६ कालो अक्षर भैंसी बराबर
३७ कालो ओडारमा बस्नु
३८ कि त पढेर जानिन्छ कि त परेर
३९ कुकुरले नपाएको दुःख पाउनु
४० कुँदिएको पानीदार हिरा बन्नु
४१ के खोज्छस् कानो आँखो
४२ खाने मुखलाई जुँगाले छेक्दैन
४३ गर या मर
४४ गर्ने भन्ने हनुमान पगरी गुथ्ने ढेडु
४५ गल्लीको कुकुरले पनि चिन्नु
४६ गुलाबहरूको हांसो बीच उन्यौंको रोदन

४७	घाँटी हेरी हाड निल्नु
४८	चन्द्रमा दाहिने हुनु
४९	चिन्ताले चितामा पुऱ्याउँछ
५०	चिन्नु न जान्नु घँचेटी माग्नु
५१	चिन्नेलाई श्रीखण्ड नचिन्नेलाई खुर्पाको बिँड
५२	चुम्बकले फलाम तान्छ सुन तान्दैन
५३	जति जोगी आए पनि कानै चिरेका
५४	जनताको आँखामा छारो हाल्नु
५५	जरो नउखेली विषालु रुखको हाँगामात्र छिनाल्नु
५६	जहाँ इच्छा त्यहाँ उपाय
५७	जहाँ पुग्दैनन् रवि त्यहाँ पुग्छन् कवि
५८	जिँउदाको जन्ति मर्दाको मलामी
५९	जिउँदै मरे तुल्य हुनु
६०	जिते हस्तिनापुरको राज हारे चपरीमुनीको बास
६१	जुन थालमा खानु त्यही थालमा चुठ्नु
६२	डोकामा गाईको दूध दुही को खान पाउँछ
६३	ढुङ्गा खाज्दा द्यौता भेट्टाउनु
६४	ढुङ्गा जस्तो हृदय हुनु
६५	तातै खाउँ जली मरुँ
६६	तालुमा आलु फल्नु
६७	तोरीको फूल देख्नु
६८	दुबै हालमा लड्डु हुनु
६९	दूध खुवाएर विष निकाल्ने सर्प हुनु
७०	देख्नेका आँखा फुटे सुन्नेको सही
७१	नजिकको तीर्थ हेला
७२	नमच्चिने पिङ्को सय झड्का
७३	नाच्न जान्दैन आँगन टेढो
७४	परमेश्वरले हात हातै फल दिनु
७५	परिश्रमीको हातलाई ईश्वरले चुम्दछ
७६	पशुपतिको जात्रा सिद्राको व्यापार
७७	पुरानो टकमा खिया लाग्नु
७८	प्रकृतिको काखमा लडीबुडी गर्नु

७९ फाँटमा अल्मलिएको गोरु जस्तै हुनु
८० बत्तीमा पुतली होमिए झैं होमिनु
८१ बाँदरको पुच्छर लौरो न हतियार
८२ बाँदरको हातमा नरिवल
८३ बालुवाको महल बनाउन खोज्नु
८४ बिरालाको ख्यालख्याल मुसाको ज्यान
८५ बेलीका लहरा र चन्दनको रुखको विकास गर्नु
८६ भाग्यं फलति सर्वत्र
८७ भाग्यमानीको भुतै कमारो
८८ भाग्यमा भए धुरीबाटै बर्सन्छ
८९ भाग्यमा भए लडी लडी आउँछ
९० मनको आँधीले उडाउनु
९१ मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन
९२ मुखमा रामराम बगलीमा छुरा
९३ मेरो गोरुको बाह्रै टक्का
९४ रातभरी करायो दक्षिणा हरायो
९५ रातभरी रुँग्यो बूढी जिउँदै
९६ रात रहे अग्राख पलाउँछ
९७ वनको बाघले खाओस् कि नखाओस् मनको बाघले खान्छ ।
९८ शिरमा कसिङ्गर हालिदिनु
९९ समाजका सर्पलाई टुक्र्याउनु
१०० साउनमा आँखा फुटेको गोरुले सधैं हरियो देख्छ
१०१ सुति रहेको सिंहको मुखमा आहारा कसले पो हालिदिन्छ
१०२ हगि सक्यो दैलो देख्यो
१०३ हाड नभएको जिब्रो जस्तै लट्पटिनु
१०४ हात्ती आयो हात्ती आयो फुस्सा
१०५ हिउँले पोल्लाकी भनी शङ्का गर्नु
१०६ हुटिट्याउले आकाश थाम्नु
१०७ हुने बिरुवाको चिल्लो पात
१०८ हुलमुलमा जिउ जोगाउनु अनिकालमा विउ जोगाउनु

## ४.३ कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका टुक्काहरू

यसअन्तर्गत कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त टुक्काहरुलाई निम्नानुसार राखिएको छ।

अँध्यारो देख्नु
अकमक्क पर्नु
अनुभूत गर्नु
अत्याचार गर्नु
अभावसँग जुध्नु
अर्धसिल्ली झैं हुनु
अलप हुनु
अहङ्कारमा धक्का दिनु
आँखा जुध्नु
आँखा छोपिदिनु
आँखा रसाउनु
आँखी हुनु
आकर्षित हुनु
आगाले सिध्याउनु
आज्ञा काट्नु
आत्मसात गर्नु
आधापेट खाएर काम गर्नु
आसन जमाउनु
इन्तु न चिन्तु हुनु
ईखालु हुनु
उल्टो आग्लो ठोक्नु
जिउँदै मरे जस्तै हुनु
जीवनले नयाँ मोड लिनु
जुत्ताले कुल्चनु
झल्को लाग्नु
झसङ्ग हुनु
झिँजो लाग्नु

अङ्कमाल गर्नु
अङ्गभङ्ग हुनु
अन्धानुकरण गर्नु
अन्धो हुनु
अभिनन्दन गर्नु
अलपत्र पर्नु
असह्य हुनु
आँखा चिम्लनु
आँखा झिम्क्याउनु
आँखाभरि आँसु छचल्किनु
आङ् तान्नु
आँसु पिउनु
आक्षेप लाउनु
आगो हुनु
आत्मग्लानि हुनु
आँत सुक्नु
आवेशमा आउनु
इतिश्री गर्नु
ईख लिनु
उँभो लाग्नु
ओठ मुख सुक्नु
जीवनरथ अघि बढ्नु
जिब्रो टोक्नु
ज्यान दिनु
झलझली मनमा आइरहनु
झाँगल झुँगल पार्नु
टक्कर लिनु

टाउको खानु
टेक राख्नु
ठेस लाग्नु
डाँडो काट्नु
डेग बढाउनु
ढिपी गर्नु
तगारो हाल्नु
तरुण रुप धारण गर्नु
तातो लाग्नु
तालुमा आलु फल्नु
थङ्थिलो पार्नु
थाति राख्नु
दङ्ग हुनु
दशा लागेर आउनु
द्विविधामा पर्नु
दिन छिप्पिनु
दुष्प्रयास गर्नु
देहावसान गर्नु
दोधारमा पर्नु
धज्जी उडाउनु
धोका दिनु
नङ्ग्रा खियाउनु
नजरबन्द गर्नु
नयाँ दिशा प्रदान गर्नु
नाक काट्नु
नातो लगाउनु
निमग्न हुनु
नियुक्ति हुनु
पछि लाग्नु
प्रकट गर्नु
प्रगतिको पथमा लम्कनु
परास्त गर्नु

टाउकोमा टेक्नु
ठूलाठूला आँखा तुल्याउनु
डाँको छोड्नु
डेग नचल्नु
डेड अक्कल लगाउनु
ढोका कुर्नु
तनकाटेर दुई पैसा निकाल्नु
तहल्का मच्याउनु
तालु खुइल्याउनु
तोरीको फूल देख्नु
थला पर्नु
दङ्ग पर्नु
दयनीय हुनु
दाग लाग्नु
दिन काट्नु
दुनो सोझ्याउनु
दुस्मनको मुटु हल्लिनु
दैवले चुँडेर लग्नु
धक्का लाग्नु
ध्यान गर्नु
धोकामा पर्नु
नजर उठाउनु
नजर हुनु
नरसंहार गराउनु
नाक थुनेर हिँड्नु
निन्याउरो मुख लाउनु
नियतिले ठग्नु
नेटो काट्नु
पर्दा च्यात्नु
प्रकाश पार्नु
परलोक हुनु
पल्याक पुलुक्क हेर्नु

पहल गर्नु
प्रभाव पर्नु
प्रस्थान गर्नु
पाइला अघि सार्नु
पाठ पढाउनु
प्राणको बली दिनु
पुर्खाको धर्म थाम्नु
प्याज नखाने बाहुन भेट्टाउनु
फुर्तिलो कदम बढाउनु
बक्रदृष्टि राख्नु
बन्चरो चलाउनु
बल पुऱ्याउनु
बाचा गर्नु
बिजुली हुनु
बोक्रेपन देखाउनु
भाउ बदल्नु
भासमा गाढिनु
भूत चढ्नु
भोकभोकै मर्नु
मतोमा लिनु
मन खिन्न पार्नु
मनपेट दिनु
मन हत्याउनु
मनोबल बढ्नु
माटो खानु
मायाँले बाँध्नु
मुक्त हुनु
मुटुकलेजो ल्याउनु
मुटु दरो पार्नु
मुला काटिए झैँ काटिनु
मेख मार्नु
यातनासँग जुध्नु

प्रलयाग्नि धुवाउँनु
प्रलोभन देखाउनु
पसिना बगाएको धन
पाउमा पर्नु
प्रकृतितिर फर्कनु
प्राणभन्दा प्यारो हुनु
पेट पाल्नु
फिक्कापन चढ्नु
फत्ते गर्नु
बजारको पुतली हुनु
बन्दी बनाउनु
बहुमुखी हुनु
ब्वाँसाको बाजे हुनु
बेलैमा बुद्धि पुऱ्याउनु
भलादमी हुनु
भावुक हुनु
भुमिका बाँध्नु
भूल निवारण गर्नु
मत्त हुनु
मनको आँधीले उडाउनु
मन प्रसन्न हुनु
मन विह्वल हुनु
मनमा कुरा खेल्न थाल्नु
मर्माहत हुनु
मायाँ लाग्नु
मिति पुऱ्याई दिनु
मुख सिएर बस्नु
मुटु छुनु
मुन्टो निहुराउनु
मृत्युसँग खेलवाड गर्नु
मोहियानी हक दिलाउनु
युक्ति देख्नु

रगत उम्लनु

रगत तात्नु

रङ उड्नु

रङ बदल्नु

रहर पूरा गर्नु

रातोमुख लाउनु

रिस खनिनु

रिसले चुर हुनु

रुचि राख्नु

रुष्ट हुनु

रोगले च्याप्नु

लख काट्नु

लखतरान हुनु

लक्ष्मीले उपेक्षा गर्नु

लामो सास फेर्नु

लिपिबद्ध हुनु

वञ्चित हुनु

वरण गर्नु

विचलित हुनु

विचारको ज्वार भाटा चल्नु

विवश हुनु

विश्वासको सङ्कट पैदा गर्नु

श्री गणेश गर्नु

शरीरका पूर्जा चुडिनु

शरीर भारी हुनु

शिरदेखि पाउसम्म हेर्नु

सन्यास लिनु

सपना तुन्नु

सपना देख्नु

सपना बुन्नु

सपनामा पनि देख्नु

सम्पत्तिका थुप्रामा हात गाड्नु

सर्पको प्रणाली

सातो जानु

सिँगौरी खेल्नु

सीप खन्याउनु

स्वस्ति गर्नु

सुइँको पाउनु

सुवास दिनु

सुसेधन्दामा लाग्नु

सोत्तर हुनु

सेखी झार्नु

संसारलाई हल्लाउनु

हताहत हुनु

हतोत्साहित हुनु

हर्षले गद्गद् हुनु

हर्षेला पर्नु

हरेश खानु

हन्डर खानु

हलचल ल्याउनु

हल्ला कानमा पर्नु

हल्ला गर्नु

हल्ला मच्चाउनु

हल्ला फैलाउनु

हल्ली खल्ली मचिनु

हस्याङफस्याङ् गर्नु

हँस्सी उडाउनु

हाइहाइ गर्नु

हातको नङ्ग्रा खियाउनु

हात जोर्नु

हात पसारेर रुनु

हात धुनु

हात लगाउनु

हात हालाहाल गर्नु

| | |
|---|---|
| हातेमालो गर्नु | हामफाल्दै आउनु |
| हाम फाल्नु | हावाको खबरमा आउनु |
| हाँसोमा उडाई दिनु | हित्तचित्त मिल्नु |
| हिम्मत टुट्नु | हिमाल झैं उच्च हुनु |
| हुकुम चल्नु | हेतु बुझ्नु |
| हृदय भारी हुनु | हृदय छिया छिया हुनु |

## ४.४ माध्यमिक तह कक्षा ९ र १० को पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काको वर्गीकरण

माध्यमिक तह कक्षा ९ र १० को पाठ्यपुस्तकमा प्रयोग भएका उखान र टुक्कालाई वर्गीकरण गर्नको लागि शिव प्रसाद पौडेलद्वारा लिखित नेपाली टुक्काहरूको सर्वेक्षण र विश्लेषण पुस्तकलाई आधार मानिएको छ । यस्तै गरी कृष्णप्रसाद पराजुलीद्वारा लिखित नेपाली उखान र गाउँखाने कथा पुस्तकलाई पनि उखानटुक्का वर्गीकरणको आधारको रुपमा प्रयोग गरिएको छ ।

क. शारीरिक अङ्गसम्बन्धी उखानटुक्काहरू मानव शरीरका विभिन्न अङ्ग तथा तिनका क्रियाकलापका आधारमा निर्मित उखान टुक्काहरू माध्यमिक तहको पाठ्यपुस्तकमा प्रयोग भएका छन् । त्यस्ता अङ्गहरू टाउकोदेखि खुट्टासम्म रहेका छन् ।

| | |
|---|---|
| आँखाको कसिङ्गर हुनु | आँखा चिम्लनु |
| आँखा झिम्क्याउनु | आँखा छोपिदिनु |
| आँखाभरि आँसु छचल्किनु | आँखा रसाउनु |
| आङ् तात्नु | आँत सुक्नु |
| आधापेट खाएर काम गर्नु | ओठमुख सुक्नु |
| कपाल फुल्नु | कम्मर कस्नु |
| के खोज्छस् कानो आँखो | कोमल हृदय हुनु |
| खुट्टा तान्नु | खुट्टो घुमाउनु |
| गाउँभरिको मुटु | घाँटी हेरी हाड निल्नु |
| चित्त दुखाउनु | चित्त शुद्ध हुनु |
| जति जोगी आए पनि कानै चिरेका | जनताको आँखामा छारो हाल्नु |
| ज्यान गुम्नु | ज्यान दिनु |
| जिब्रो टोक्नु | झलझली आंखामा आइरहनु |
| टाउकोमा टेक्नु | ढुङ्गा जस्तो हृदय हुनु |

| | |
|---|---|
| तालु खुइल्याउनु | तालुमा आलु फल्नु |
| दुबै हातमा लड्डु | नजरबन्द गर्नु |
| नाक थुनेर हिंड्नु | परिश्रमीको हातलाई ईश्वरले चुम्छन् |
| परमेश्वरले हातैहात फल दिनु | पाइला अघि सार्नु |
| मनपेट दिनु | मुखमा रामराम बगलीमा छुरा |
| मुटु दरो पार्नु | मुख सिएर बस्नु |
| मुन्टो निहुराउनु | रगत उम्लनु |
| रगत तात्नु | रातो मुख लगाउनु |
| शरीरका पुर्जा चुँडिनु | शरीर भारी हुनु |
| शिरदेखि पाउसम्म हेर्नु | शिरमा कसिङ्गर हालिदिनु |
| सम्पत्तिको थुप्रामा हात गाड्नु | हाड नभएको जिब्रो जस्तै लट्पटिनु |
| हातका नङ्ग्रा खियाउनु | हात जोर्नु |
| हात पसारेर रुनु | हात धुनु |
| हात लगाउनु | |

**ख. सामाजिक तथा साँस्कृतिक विषयसँग सम्बन्धित उखानटुक्काहरू**

यस भित्र मानिसका दैनिक सामाजिक क्रियाकलापहरू मायाँ-प्रेम, आँसु-हाँसो, खानपिन, लेनदेन, मिलन बिछोड, आदि क्रियाकलापसँग जोडिएका टुक्काहरू रहेका छन् । त्यस्तै मौलिक, साँस्कृतिक परम्परा, चाडपर्व, रीतिरिवाज, आदिको साथै नेपाली संस्कृतिका प्रतिबिम्ब झल्काउने उखानटुक्काहरू यहाँ प्रयोग भएका छन् ।

| | |
|---|---|
| हाँसोमा उडाउनु | ओरालो लाग्नु |
| ढङ्ग हुनु | उकालो लाग्नु |
| प्रस्थान गर्नु | रङ् बदल्नु |
| प्राणको बली दिनु | खुस्बु उडाउनु |
| हिम्मत टुट्नु | भलादमी बन्नु |
| सोत्तर हुनु | आसन जमाउनु |
| मृत्युसँग खेलवाड गर्नु | छाँयामा पर्नु |
| तरुण रुप धारण गर्नु | हँस्सी उडाउनु |
| विचारको ज्वारभाटा चल्नु | पछि लाग्नु |
| जन्जिरले बाँधिएको नेपाल आमा | धक्का लाग्नु |
| पसिना बगाएको धन | जुत्ताले कुल्चनु |

हल्ला गर्नु

भासमा गाडिनु

घाँस खानु

हावाको खबर आउनु

अत्याचार गर्नु

हल्ली खल्ली मच्चिनु

बन्चरो चलाउन

चिन्ताले चिताको बाटो देखाउनु

ईश्वरकोसम्मुख उपस्थित हुनु

सौतेनी रोगले दबाउनु

नर संहार गराउनु

अलप हुनु

बेलीका लहरा र चन्दनका रुखको विकास गर्नु

तोरीको फूल देख्नु

विषका लहरालाई अंगाल्नु

कालो ओडारमा बस्नु

इन्तु न चिन्तु हुनु

दुनो सोभ्याउनु

कुरा मिल्नु

जङ् चल्नु

कल्पनाको सागरमा डुबुल्की मार्नु

आनन्दमा मग्न हुनु

जीवनले नयाँ मोड लिनु

शिक्षाको ज्योति बाल्नु

दिन छिप्पिनु

बिजुली हुनु

खरीगाँठे हुनु

एक छाक मकै एक छाक भोकै हुनु

काँचो केटो बन्नु

पुर्खाको धर्म थाम्नु

एकै जहान हुनु

प्रगतिको काखमा लडीबुडी गर्नु

चकचक गर्नु

तन काटेर दुई पैसा निकाल्नु

क्रान्तिको आगो सल्किनु

विज्ञापन छाप्नु

हिमाल जस्तै उच्च

परलोक हुनु

मायाँले बाँध्नु

घन्टा बजाउनु

दैवले चुंडेर लग्नु

रिस उठ्नु

बिन्ती गर्नु

अड्डी लिनु

असह्य हुनु

उल्टो आग्लो ठोक्नु

बाचा बँधाउनु

सपना जस्तो हुनु

हार खानु

चिन्ताले पोल्नु

छक्क पर्नु

मोहित हुनु

डेग नचल्नु

हर्षले गद्गद् हुनु

आशाले फुल्नु

दिन काट्नु

चाख लाग्नु

दर्शन गर्नु

धोकामा पर्नु

टोकसो सहनु

प्रगतिको पथमा लम्किनु

तिरस्कार गर्नु

सौभाग्य प्राप्त गर्नु

प्रलोभन देखाउनु

जीवन रथ अघि बढ्नु
वियोगको पीडा खप्नु
नियतिले ठग्नु
लक्ष्मीले उपेक्षा गर्नु
सरस्वतीले माया गर्नु
आकाशको फल आँखातरि मर
हिउँले पोल्ला कि भनि शङ्का गर्नु
भाग्यमा भए धुरीबाटै बर्सन्छ
अनाथको सहाय दैव
जिउँदै मरेतुल्य हुनु
उद्यमीले जोगी हुनु पर्दैन
कहिले हस्तिनापुरको राज कहिले चपरिमुनीको बास
जुन थालमा खायो त्यही थालमा चुठ्नु
घाँटी हेरी हाड निल्नु
रातभरि करायो दक्षिणा हरायो
नाच्न जान्दैन आँगन टेढो
दुबै हातमा लड्डु
ज्ञानको ज्योति प्रदान गर्नु
जति जोगी आए पनि कानै चिरेका
इन्द्रका अगाडि स्वर्गको बयान
चुल्हो फुक्नु
गाँस टिप्नु
ढोका खोल्नु
कोमल स्थानमा स्पर्श गर्नु
प्याज नखाने बाहुन भेट्टाउनु
भासमा गाडिनु
इति श्री हुनु
नेटो काट्नु
सुईको पाउनु
बालुवाको महल बनाउन खोज्नु
भाग्यमानीको भूतै कमारो

गर्व गर्नु
सन्याय लिनु
पुरानो टकमा खिया लाग्नु
कुँदिएको पानीदार हिरा बन्नु
ढुङ्गा खोज्दा देउता भेट्टाउनु
भित्र बाहिर दुबैतिर अन्धो हुनु
हुने बिरुवाको चिल्लो पात हुनु
आगो हुनु
मुला काटिए झैं काटिनु
पश्चातापको आगोमा पिल्सिनु
सम्पत्तिको थुप्रामा हात गाड्नु
आफू नमरी स्वर्ग देखिंदैन
जालमा पर्नु
अलपत्र पर्नु
मृत्युको मुखमा पर्नु
भूत चढ्नु
झलझली मनमा आई रहनु
अचानाको पिर खुकुरीले जान्दैन
खल्ती रित्तो हुनु
जिउँदै मरे जस्तो हुनु
हन्डर खानु
पसिनाले भिजाउनु
अस्तित्व सङ्कटमा पर्नु
नयाँ दिशा प्रदान गर्नु
हलचल ल्याउनु
हरेस खानु
गन्तव्यमा पुग्नु
बाँच्नका लागि सङ्घर्ष गर्नु
भविष्य निर्माण गर्नु
प्रगतिको द्वार बन्द हुनु
परिश्रमीको हातलाई ईश्वरले चुम्दछन्

ग. पशुपन्छीसँग सम्बन्धित उखानटुक्काहरू

माध्यमिक तह कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त पशुपन्छीहरु सम्बन्धित उखान र टुक्काहरुलाई निम्नानुसार वर्गीकरण गरिएको छ।

| | |
|---|---|
| कुकुरले नपाएको दुःख पाउनु | सर्पको प्रणाली |
| बाघको हुकुम चल्नु | गल्लीको कुकुरले पनि चिन्नु |
| समाजका सर्पलाई टुक्र्याउनु | वर्षाको भ्याकुतो बन्नु |
| बजारको पुतली हुनु | बाँदरको पुच्छर लौरो न हतियार |
| बत्तीको पुतली हुनु | फाँटमा अलमलिएको गोरु जस्तो हुनु |
| कुकुर बिराला फाले झैं फाल्नु | कागले छेरे जस्तो |
| बेलीको माला छुँदा सर्प भनेर तर्सिनु | ब्वाँसाको बाजे बन्नु |

दूध खाएर विष निकाल्ने सर्प हुनु

आफ्नो आँङ्को भैंसी नदेख्ने अर्काको आँङ्को जुम्रा देख्न

साउनमा आँखा फुटेको गोरुले सधैँ हरियो देख्छ

मेरो गोरुको बाह्रै टक्का

वनको बाघले खाओस् कि नखाओस् मनको बाघले खानु

| | |
|---|---|
| कालो अक्षर भैंसी बराबर | पशुपतिको जात्रा सिद्राको व्यापार |
| गर्ने भन्ने हनुमान पगरी गुथ्ने ढेडु | हुटिट्याँउले आकाश थाम्नु |

## ४.५ व्याकरणिक एवम् रुपका आधारमा टुक्काको वर्गीकरण

यसअन्तर्गत कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त टुक्काहरुलाई व्याकरणिक एवम् रुपका आधारमा वर्गीकरण गरी अध्ययन गरिएको छ।

### क. नाम + क्रियापद भएका टुक्काहरू

यसअन्तर्गत कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नाम र क्रियापद युक्त भएका विभिन्न टुक्काहरुलाई निम्नानुसार वर्गीकरण गरी देखाइएको छ।

| | |
|---|---|
| मुटु छुनु | हल्ला गर्नु |
| आँखा जिम्क्याउनु | मुन्टो निहुराउनु |
| धोका दिनु | घाँस खानु |
| झल्को लाग्नु | कपाल फुल्नु |
| आँङ् तान्नु | प्रकट गर्नु |

आत्मा बेच्नु
परलोक हुनु
आज्ञा काट्नु
हिम्मत टुट्नु
सोत्तर हुनु
हात लगाउनु
हल्ला मच्चाउनु
घन्टा बजाउनु
गस्ती लाउनु
रङ बदल्नु
भाउ बढ्नु
विज्ञापन जमाउनु
चमत्कार देखाउनु
पाठ पढाउनु
आँखा चिम्लनु
प्रकाश पार्नु
मन हतपताउनु
रगत तात्नु
आँखा छोपिदिनु
अत्याचार गर्नु
खुट्टा तान्नु
ज्यान दिनु
बल पुऱ्याउनु
आँत सुक्नु
बिजुली हुनु
आँखा रसाउनु
झिँजो लाग्नु
अड्डी लिनु
मौका पार्नु
मुटु काम्नु
चुल्हो फुक्नु
ढोका कुर्नु

बन्चरो चलाउनु
तगारो हाल्नु
तहल्का मच्चाउनु
रगत उम्लनु
खल्ती भर्नु
ठेस लाग्नु
कम्मर कस्नु
माटो खानु
जिब्रो टोक्नु
मेख मार्नु
लख काट्नु
मायाँ लाग्नु
सुईको पाउनु
ध्यान दिनु
रुचि राख्नु
चित्त दुखाउनु
कुरा मिल्नु
जरो उखेल्नु
दाग लाग्नु
डाँडा काट्नु
दर्शन गर्नु
ज्यान गुम्नु
सन्यास लिनु
पेट पाल्नु
हार खानु
चाख लाग्नु
अन्धो हुनु
आगो हुनु
भूत चढ्नु
सपना देख्नु
चोट पर्नु
सातो जानु

अँध्यारो देख्नु

**ख. विशेषण + क्रियापद**

यसअन्तर्गत कक्षा ९ र १० नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका विशेषण र क्रियापदयुक्त टुक्काहरुलाई निम्नानुसार वर्गीकरण गरी देखाइएको छ ।

| | |
|---|---|
| उकालो लाग्नु | ओरालो लाग्नु |
| खुस्बु उडाउनु | भलादमी बन्नु |
| बोक्रेपन देखाउनु | बक्रदृष्टि राख्नु |
| अलप हुनु | तातो लाग्नु |
| दयनीय हुनु | लोकप्रिय हुनु |
| बहुमुखी हुनु | प्रलोभन देखाउनु |
| मोहित हुनु | गम्भिर हुनु |
| कर्महीन हुनु | खोजीनीति गर्नु |
| आँखी हुनु | खरीगाँठे हुनु |
| अन्तरमुखी हुनु | |

**ग. विशेषण + विशेष्य + क्रिया**

यसअन्तर्गत कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त विशेषण, विशेष्य र क्रियायुक्त भएका टुक्काहरुलाई निम्नानुसार वर्गीकरण गरी देखाइएको छ ।

| | |
|---|---|
| लामो सास फेर्नु | प्राणको बली दिनु |
| दुस्मनको मुटु हल्लिनु | शरीरका पुर्जा चुँडिनु |
| तरुण रुप धारण गर्नु | मनमा कुरा खेल्न थाल्नु |
| फुर्तिलो कदम बढाउनु | मनको आँधीले उढाउनु |
| हावाको खवर आउनु | विश्वासको सङ्कट पैदा हुनु |
| रिसले चुर हुनु | कल्पनाको सागरमा डुबुल्की मार्नु |
| पुर्खाको धर्म थाम्नु | एकै जहान हुनु |
| गहिरो प्रभाव पार्नु | राताराता आँखा पार्नु |
| उल्टो आग्लो ठोक्नु | कुदृष्टि राख्न थाल्नु |
| प्रगतिको पथमा लम्कनु | ज्यानको बाजी थाप्नु |
| रातो मुख लाउनु | नयाँ दिशा प्रदान गर्नु |
| मृत्युको मुखमा पर्नु | उज्ज्यालो मुख लाउनु |
| तोरीको फूल देख्नु | कोमल स्थानमा स्पर्श गर्नु |

| | |
|---|---|
| बाघको हुकुम चल्नु | वर्षाको भ्यागुतो बन्नु |
| ठूलाठूला आँखा तुल्याउनु | समाजका सर्पलाई टुक्र्याउनु |
| चिन्ताको बादलले ढाक्नु | क्रान्तिको आगो सल्किनु |
| सौतेनी रोगले सताउनु | दैवको कुदृष्टि पर्नु |
| मृत्युसँग खेलवाड गर्नु | मनमा पाप उठ्नु |
| भविष्य निर्माण गर्नु | पश्चातापको आगोमा पिल्सिनु |

**घ. नाम + विशेषण + क्रियापद**

यसअन्तर्गत कक्षा ९ र १० नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका नाम, विशेषण र क्रियापद युक्त टुक्काहरुलाई निम्नानुसार देखाइएको छ ।

| | |
|---|---|
| पसिना बगाएको धन | मुख सिएर बस्नु |
| दसा लागेर आउनु | नाक थुनेर हिँड्नु |
| मन खिन्न हुनु | मन प्रसन्न हुनु |
| रहर पूरा गर्नु | |

**ङ. विभक्तिपद + क्रियापद**

यसअन्तर्गत कक्षा ९ र १० नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका विभक्तिपद र क्रियापद युक्त टुक्काहरुलाई निम्नानुसार देखाइएको छ ।

| | |
|---|---|
| मायाँले बाँध्नु | धोकामा पर्नु |
| नियतिले ठग्नु | रोगले च्याप्नु |
| पसिनाले भिजाउनु | देशलाई सिंगार्नु |
| हाँसोमा उढाइदिनु | जुत्ताले कुल्चनु |
| भासमा गाडिनु | नियतिले ठग्नु |
| जालमा पर्नु | कलियुगले छोप्नु |
| नजरमा पर्नु | टाउकामा टेक्नु |

# परिच्छेद पाँच

# व्याख्या/विश्लेषण

## ५.१ परिचय

प्रस्तुत शोधकार्यको शीर्षक **पर्सा जिल्लाका माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन** भएकोले कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काहरूको सङ्कलन गरिएको छ भने ती सङ्कलित उखानटुक्काहरूलाई पर्सा जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूमा प्रयोग गरी तथ्य सङ्कलन गरिएको छ। उक्त तथ्याङ्कलाई विश्लेषण गर्नको लागि प्रतिशत गणना, मध्यमान र मानक विचलन जस्ता तथ्याङ्क शास्त्रीय विश्लेषणलाई आधार मानिएको छ।

### ५.१.१ समग्र विद्यार्थीहरूको उखानटुक्काको प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति

तालिका नं. १

| कुल सङ्ख्या | ३० प्रतिशतभन्दा कम | | ३० - ४० प्रतिशतसम्म | | ४० - ५० प्रतिशतसम्म | | ५० - ६० प्रतिशतसम्म | | ६० - ७० प्रतिशतसम्म | | ७० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १०० | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | ९ | ९ | १४ | १४ | २८ | २८ | २६ | २६ | १७ | १७ | ६ | ६ |

उपर्युक्त तालिकाअनुसार प्रतिनिधि जनसङ्ख्याको रुपमा छनोट गरिएका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशत गणना गर्दा जम्मा १०० जना विद्यार्थीहरूलाई ६ श्रेणीमा विभाजन गरिएको छ । जसअनुसार ३० प्रतिशतभन्दा कम उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ९ रहेको देखिन्छ । यसै गरी ३० प्रतिशतभन्दा माथि र ४० प्रतिशतभन्दा कम उखानटुक्का प्रयोग भएका विद्यार्थीहरूको सङ्ख्या १४ रहेको देखिन्छ। ४० प्रतिशतभन्दा माथि र ५० प्रतिशतभन्दा कम उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २८ रहेको देखिन्छ । यसै गरी ५० प्रतिशतभन्दा माथि र ६० प्रतिशतभन्दा कम उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २६ रहेको देखिन्छ। ६० प्रतिशतभन्दा माथि र ७० प्रतिशतभन्दा कम

उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १७ रहेको देखिन्छ । यसै गरी ७० प्रतिशतभन्दा माथि उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ६ रहेको देखिन्छ ।

यस अध्ययनमा तल्लो श्रेणीको रुपमा मापन गरिएको ३० प्रतिशतभन्दा कम उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ९ प्रतिशत देखिन्छ भने माथिल्लो श्रेणीको रुपमा मापन गरिएको ७० प्रतिशतभन्दा माथि उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ६ प्रतिशत रहेको देखिनुले के स्पष्ट हुन्छ भने समग्रमा विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्तर कमजोर रहेको देखिन्छ ।

उपर्युक्त तालिकामा देखाइएअनुसार ५० प्रतिशतभन्दा थोरै प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ५१ प्रतिशत र ५० प्रतिशतभन्दा धेरै ल्याउने विद्यार्थीहरूको सङ्ख्या ४९ प्रतिशत देखिनुले समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता मध्यम स्तरको देखिन्छ । ४० प्रतिशतभन्दा माथि र ५० प्रतिशतभन्दा तल ल्याउने विद्यार्थीहरूको सङ्ख्या अन्य श्रेणीमाभन्दा बढी २८ प्रतिशत रहेको देखिन्छ ।

### ५.१.२ सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति

तालिका नं २

| कुल सङ्ख्या | ३० प्रतिशतभन्दा कम | | ३० - ४० प्रतिशतसम्म | | ४० - ५० प्रतिशतसम्म | | ५० - ६० प्रतिशतसम्म | | ६० - ७० प्रतिशतसम्म | | ७० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५० | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | ६ | १२ | ७ | १४ | १६ | ३२ | १२ | २४ | ५ | १० | ४ | ८ |

उपर्युक्त तालिकाअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति पहिचान गर्न ५० जना प्रतिनिधि नमुना छनोट गरिएको छ । विद्यार्थीहरूले देखाएको प्रयोग क्षमतालाई छ श्रेणीमा विभाजन गरेर अध्ययन गरिएको छ ।

तल्लो श्रेणीको रुपमा निर्धारण गरिएको ३० प्रतिशतभन्दा कम उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १२ प्रतिशत रहेको छ । ३० प्रतिशतभन्दा माथि र ४० प्रतिशतभन्दा तल प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १४ प्रतिशत रहेको छ । ४० प्रतिशतभन्दा माथि र ५०

प्रतिशतभन्दा तल उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३२ प्रतिशत रहेको छ । यसै गरी ५० प्रतिशतभन्दा माथि र ६० प्रतिशतभन्दा तल उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २४ प्रतिशत रहेको छ भने ६० प्रतिशतभन्दा माथि र ७० प्रतिशतभन्दा तल उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको क्षमता १० प्रतिशत रहेको छ । यसै गरी सबैभन्दा माथिल्लो श्रेणीको रुपमा रहेको ७० प्रतिशतभन्दा बढी उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ८ प्रतिशत रहेको छ । ५० प्रतिशतलाई आधार मानेर समग्र विद्यार्थीहरूको अध्ययन गर्दा ५० प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ५८ प्रतिशत रहेको छ भने ५० प्रतिशतभन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ४२ प्रतिशत रहेको पाइन्छ । यस अध्ययनबाट विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो देखिँदैन । सबैभन्दा तल्लो श्रेणीको रुपमा रहेको ३० प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १२ प्रतिशत र सबैभन्दा उच्च श्रेणीको रुपमा रहेको ७० प्रतिशतभन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ८ प्रतिशत देखिनुले पनि कम प्राप्ताङ्क ल्याउने धेरै र बढी प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या थोरै देखिनुले उखानटुक्का प्रयोग क्षमतामा बढी विद्यार्थीहरूको सङ्ख्या कमजोर रहेको देखिन्छ ।

### ५.१.३ संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति

तालिका नं ३

| कुल सङ्ख्या | ३० प्रतिशतभन्दा कम | | ३० - ४० प्रतिशतसम्म | | ४० - ५० प्रतिशतसम्म | | ५० - ६० प्रतिशतसम्म | | ६० - ७० प्रतिशतसम्म | | ७० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५० | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | २ | ४ | ८ | १६ | १२ | २४ | १५ | ३० | ११ | २२ | २ | ४ |

प्रस्तुत अध्ययनमा संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूलाई प्रतिनिधि मानेर अध्ययन गर्दा सबैभन्दा तल्लो श्रेणीको रुपमा रहेको ३० प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २ र प्रतिशत ४ रहेको देखिन्छ । ३० प्रतिशतभन्दा माथि र ४० प्रतिशतभन्दा तल उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ८ र प्रतिशत १६ रहेको देखिन्छ भने ४० प्रतिशतभन्दा माथि र ५० प्रतिशतभन्दा तल उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १२ र प्रतिशत २४ रहेको देखिन्छ । त्यसै गरी ५० प्रतिशतभन्दा माथि र ६० प्रतिशतभन्दा

तल उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १५ र प्रतिशत ३० रहेको देखिन्छ । यसै गरी ६० प्रतिशतभन्दा माथि र ७० प्रतिशतभन्दा तल उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ११ र प्रतिशत २२ रहेको देखिन्छ भने सबैभन्दा माथिल्लो श्रेणीको रुपमा रहेको ७० प्रतिशतभन्दा माथि उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २ र प्रतिशत ४ रहेको देखिन्छ ।

५० प्रतिशतलाई आधार मानेर समग्र विद्यार्थीहरूको अध्ययन गर्दा ५० प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ४४ प्रतिशत रहेको छ भने ५० प्रतिशतभन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ५६ प्रतिशत रहेको पाइन्छ । यस अध्ययनबाट विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो देखिन्छ । सबैभन्दा तल्लो श्रेणीको रुपमा रहेको ३० प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ४ प्रतिशत र सबैभन्दा उच्च श्रेणीको रुपमा रहेको ७० प्रतिशतभन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ४ प्रतिशत रहेको देखिन्छ । सबैभन्दा बढी विद्यार्थीहरूले ५० प्रतिशत देखि ६० प्रतिशतको खण्डमा ३० प्रतिशत प्राप्ताङ्क गरेको देखिन्छ । समग्रमा समुदायिक विद्यालयका विद्यार्थीहरुको तुलनामा संस्थागत विद्यालयको विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति सन्तोषजनक देखिन्छ ।

### ५.१.४ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति

तालिका नं ४

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| १०० | ४९.६% | १३.३% | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | ५१ | ५१ | ४९ | ४९ |

उपर्युक्त तालिकाअनुसार प्रतिनिधि छनोटमा परेको १०० जना विद्यार्थीहरूको मध्यमान ४९.६ प्रतिशत रहनुको साथै मानक विचलन १३.३ प्रतिशत रहेको छ । मध्यमानलाई आधार बिन्दु मानेर अध्ययन गर्दा मध्यमानभन्दा तल सङ्ख्या ५१ र प्रतिशत ५१ तथा मध्यमानभन्दा माथि सङ्ख्या ४९ र प्रतिशत पनि ४९ रहेको छ । यसरी मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथिको तुलनामा मध्यमानभन्दा तल विद्यार्थीहरूको उखानटुक्का प्रयोगको क्षमता बढी देखिनु विद्यार्थीहरू उखानटुक्का प्रयोगमा मध्यम रहेको देखिन्छ ।

### ५.१.५ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति

तालिका नं ५

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| ५० | ४८% | १३.७% | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | २९ | ५८ | २१ | ४२ |

माथिको तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका समुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूको मध्यमान ४८ प्रतिशत र मानक विचलन १३.७ प्रतिशत रहेको छ । मध्यमानलाई आधारबिन्दु मानेर अध्ययन गर्दा मध्यमानभन्दा तल उखानटुक्का प्रयोग क्षमता हुनेको सङ्ख्या २९ र प्रतिशत ५८ रहेको छ भने मध्यमानभन्दा माथि उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीको सङ्ख्या २१ र प्रतिशत ४२ रहेकोबाट मध्यमानभन्दा माथिभन्दा मध्यमानभन्दा कम उखानटुक्का

प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या बढी देखिनु विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता सन्तोषजनक रहेको देखिदैन ।

### ५.१.६ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति

तालिका नं ५

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| ५० | ५१.२% | १२.१% | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | २२ | ४४ | २८ | ५६ |

माथिको तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूको मध्यमान ५१.२ प्रतिशत र मानक विचलन १२.१ प्रतिशत रहेको छ । मध्यमानलाई आधारबिन्दु मानेर अध्ययन गर्दा मध्यमानभन्दा तल उखानटुक्का प्रयोग क्षमता हुनेको सङ्ख्या २२ र प्रतिशत ४४ रहेको छ भने मध्यमानभन्दा माथि उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीको सङ्ख्या २८ र प्रतिशत ५६ रहेकोबाट मध्यमानभन्दा माथिभन्दा मध्यमानभन्दा कम उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या बढी देखिनु विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता सन्तोषजनक रहेको देखिन्छ भने सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्तर राम्रो रहेको देखिन्छ ।

### ५.१.७ लिङ्गगत आधारमा समग्र छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति

तालिका नं ७

| कुल सङ्ख्या | ३० प्रतिशतभन्दा कम | | ३० - ४० प्रतिशतसम्म | | ४० - ५० प्रतिशतसम्म | | ५० - ६० प्रतिशतसम्म | | ६० - ७० प्रतिशतसम्म | | ७० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५० | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | २ | ४ | ७ | १४ | १५ | ३० | १४ | २८ | ११ | २२ | १ | २ |

जम्मा १०० जना विद्यार्थीहरू मध्ये ५० जना छात्रहरूलाई ६ वटा श्रेणीमा विभाजन गरी उनीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन अनुसन्धान गर्दा सबैभन्दा तल्लो श्रेणी ३० प्रतिशतभन्दा तल उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २ र प्रतिशत ४ रहेको देखिन्छ भने सबैभन्दा माथिल्लो श्रेणी ७० प्रतिशतभन्दा माथि उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १ र प्रतिशत २ रहेको छ । सबैभन्दा बढी विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क ४० - ५० प्रतिशतको श्रेणीमा सङ्ख्या १५ र प्रतिशत ३० रहेको देखिन्छ ।

### ५.१.८ लिङ्गगत आधारमा समग्र छात्राहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति

तालिका नं ८

| कुल सङ्ख्या | ३० प्रतिशतभन्दा कम | | ३० - ४० प्रतिशतसम्म | | ४० - ५० प्रतिशतसम्म | | ५० - ६० प्रतिशतसम्म | | ६० - ७० प्रतिशतसम्म | | ७० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५० | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | ६ | १२ | ८ | १६ | १३ | २६ | १३ | २६ | ५ | १० | ५ | १० |

उपर्युक्त तालिकाको आधारमा प्रतिनिधि नमुना छनोटमा परेका जम्मा १०० जना विद्यार्थीहरू मध्ये ५० जना छात्राहरूलाई ६ वटा श्रेणीमा विभाजन गरी उनीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन अनुसन्धान गर्दा सबैभन्दा तल्लो श्रेणी ३० प्रतिशतभन्दा तल उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ६ र प्रतिशत १२ रहेको देखिन्छ भने सबैभन्दा माथिल्लो श्रेणी ७० प्रतिशतभन्दा माथि उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५ र प्रतिशत

१० रहेको छ । सबैभन्दा बढी विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क ४० - ५० र ५० - ६० प्रतिशतको श्रेणीमा सङ्ख्या १३, १३ र प्रतिशत २६, २६ रहेको देखिन्छ ।

### ५.१.९ मध्यमान र मानक विचलनका आधारमा समग्र छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति

तालिका नं ९

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| ५० | ५०.६% | ११.५% | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | २४ | ४८ | २६ | ५२ |

माथिको तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका समग्र छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको मध्यमान ५०.६ प्रतिशत र मानक विचलन ११.५ प्रतिशत रहेको छ । मध्यमानलाई आधारबिन्दु मानेर छात्रहरूको अध्ययन गर्दा मध्यमानभन्दा तल उखानटुक्का प्रयोग क्षमता हुनेको सङ्ख्या २४ र प्रतिशत ४८ रहेको छ भने मध्यमानभन्दा माथि उखानटुक्का प्रयोग क्षमता भएका छात्रहरूको सङ्ख्या २६ र प्रतिशत ५२ रहेकोबाट मध्यमानभन्दा माथिभन्दा मध्यमानभन्दा कम उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या बढी देखिनु विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रै मानिन्छ ।

### ५.१.१० मध्यमान र मानक विचलनका आधारमा समग्र छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति

तालिका नं १०

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| ५० | ५०.६% | ११.५% | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | २४ | ४८ | २६ | ५२ |

माथिको तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका समग्र छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको मध्यमान ५०.६ प्रतिशत र मानक विचलन ११.५ प्रतिशत रहेको छ । मध्यमानलाई आधारबिन्दु मानेर छात्रहरूको अध्ययन गर्दा मध्यमानभन्दा तल उखानटुक्का प्रयोग क्षमता हुनेको सङ्ख्या २४ र प्रतिशत ४८ रहेको छ भने मध्यमानभन्दा माथि उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीको सङ्ख्या २६ र प्रतिशत ५२ रहेकोबाट मध्यमानभन्दा माथिभन्दा मध्यमानभन्दा कम उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या बढी देखिनु विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रै मानिन्छ ।

### ५.१.११ लिङ्गगत आधारमा सामुदायिक विद्यालयका छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति

तालिका नं ११

| कुल सङ्ख्या | ३० प्रतिशतभन्दा कम | | ३० - ४० प्रतिशतसम्म | | ४० - ५० प्रतिशतसम्म | | ५० - ६० प्रतिशतसम्म | | ६० - ७० प्रतिशतसम्म | | ७० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २५ | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | २ | ८ | ३ | १२ | ११ | ४४ | ५ | २० | ४ | १६ | - | - |

उपर्युक्त तालिकाको आधारमा प्रतिनिधि नमुना छनोटमा परेका सामुदायिक विद्यालयका जम्मा २५ जना छात्रहरूलाई ६ वटा श्रेणीमा निर्धारण गरी अध्ययन गर्दा सबैभन्दा तल्लो श्रेणी ३० प्रतिशतभन्दा तल उखानटुक्का प्रयोग क्षमता भएका छात्रहरूको सङ्ख्या २ र प्रतिशत ८ रहेको

देखिन्छ भने सबैभन्दा माथिल्लो श्रेणी ७० प्रतिशतभन्दा माथि उखानटुक्का प्रयोग क्षमता भएका छात्रहरूको सङ्ख्या एउटा पनि रहेको छैन । सबैभन्दा बढी छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्क ४० - ५० प्रतिशतको श्रेणीमा सङ्ख्या ११ र प्रतिशत ४४ रहेको देखिन्छ ।

### ५.१.१२ लिङ्गगत आधारमा सामुदायिक विद्यालयका छात्राहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति

तालिका नं १२

| कुल सङ्ख्या | ३० प्रतिशतभन्दा कम | | ३० - ४० प्रतिशतसम्म | | ४० - ५० प्रतिशतसम्म | | ५० - ६० प्रतिशतसम्म | | ६० - ७० प्रतिशतसम्म | | ७० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २५ | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | ४ | १६ | ४ | १६ | ५ | २० | ७ | २८ | १ | ४ | ४ | १६ |

उपर्युक्त तालिकाको आधारमा प्रतिनिधि नमुना छनोटमा परेका सामुदायिक विद्यालयका जम्मा २५ जना छात्राहरूलाई ६ वटा श्रेणीमा निर्धारण गरी अध्ययन गर्दा सबैभन्दा तल्लो श्रेणी ३० प्रतिशतभन्दा तल उखानटुक्का प्रयोग क्षमता भएका छात्रहरूको सङ्ख्या ४ र प्रतिशत १६ रहेको देखिन्छ भने सबैभन्दा माथिल्लो श्रेणी ७० प्रतिशतभन्दा माथि उखानटुक्का प्रयोग क्षमता भएका छात्राहरूको सङ्ख्या ४ र प्रतिशत १६ नै देखिनु समग्रमा उखानटुक्का प्रयोग क्षमता समान रहेको देखिन्छ । सबैभन्दा बढी छात्राहरूले प्राप्त गरेको प्राप्ताङ्क ५० - ६० प्रतिशतको श्रेणीमा सङ्ख्या ७ र प्रतिशत २८ रहेको देखिन्छ । सामुदायिक विद्यालयका छात्र र छात्राहरूको उखानटुक्का प्रयोग क्षमतालाई तुलनात्मक अध्ययन गर्दा छात्रहरूको तुलनामा छात्राहरूको उखानटुक्का प्रयोग क्षमता स्तर राम्रो देखिन्छ ।

### ५.१.१३ लिङ्गगत आधारमा संस्थागत विद्यालयका छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति

तालिका नं १३

| कुल सङ्ख्या | ३० प्रतिशतभन्दा कम | | ३० - ४० प्रतिशतसम्म | | ४० - ५० प्रतिशतसम्म | | ५० - ६० प्रतिशतसम्म | | ६० - ७० प्रतिशतसम्म | | ७० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २५ | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | - | - | ४ | १६ | ४ | १६ | ९ | ३६ | ७ | २८ | १ | ४ |

उपर्युक्त तालिकाको आधारमा प्रतिनिधि नमुना छनोटमा परेका सस्थागत विद्यालयका जम्मा २५ जना छात्रहरूलाई ६ वटा श्रेणीमा निर्धारण गरी अध्ययन गर्दा सबैभन्दा तल्लो श्रेणी ३० प्रतिशतभन्दा तल उखानटुक्का प्रयोग क्षमता भएका छात्रहरूको सङ्ख्या एउटा पनि रहेको देखिंदैन भने सबैभन्दा माथिल्लो श्रेणी ७० प्रतिशतभन्दा माथि उखानटुक्का प्रयोग क्षमता भएका छात्रहरूको सङ्ख्या १ र प्रतिशत ४ रहेकोबाट उखानटुक्का प्रयोग क्षमता सन्तोषजनक नै रहेको छ भने सबैभन्दा बढी छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्क ५० - ६० प्रतिशतको श्रेणीमा सङ्ख्या ९ र प्रतिशत ३६ रहेको देखिन्छ । त्यस पछि बढी प्राप्ताङ्क ल्याउने ६० - ७० प्रतिशतको श्रेणीमा सङ्ख्या ७ र प्रतिशत २८ हुनु सन्तोषजनक रहेको छ ।

### ५.१.१४ लिङ्गगत आधारमा संस्थागत विद्यालयका छात्राहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति

तालिका नं १४

| कुल सङ्ख्या | ३० प्रतिशतभन्दा कम | | ३० - ४० प्रतिशतसम्म | | ४० - ५० प्रतिशतसम्म | | ५० - ६० प्रतिशतसम्म | | ६० - ७० प्रतिशतसम्म | | ७० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २५ | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | २ | ८ | ४ | १६ | ८ | ३२ | ६ | २४ | ४ | १६ | १ | ४ |

उपर्युक्त तालिकाको आधारमा प्रतिनिधि नमुना छनोटमा परेका संस्थागत विद्यालयका जम्मा २५ जना छात्राहरूलाई ६ वटा श्रेणीमा निर्धारण गरी अध्ययन गर्दा सबैभन्दा तल्लो श्रेणी ३०

प्रतिशतभन्दा तल उखानटुक्का प्रयोग क्षमता भएका छात्राहरूको सङ्ख्या २ र प्रतिशत ८ रहेको देखिन्छ भने सबैभन्दा माथिल्लो श्रेणी ७० प्रतिशतभन्दा माथि उखानटुक्का प्रयोग क्षमता भएका छात्राहरूको सङ्ख्या १ र प्रतिशत ४ नै देखिनु त्यति सन्तोषजनक देखिदैन भने सबैभन्दा बढी छात्राहरूले प्राप्त गरेको प्राप्ताङ्क ४० - ५० प्रतिशतको श्रेणीमा सङ्ख्या ८ र प्रतिशत ३२ रहेको देखिन्छ भने त्यस पछि प्राप्तङ्क ल्याउने श्रेणी ५० - ६० प्रतिशतमा सङ्ख्या ६ र प्रतिशत २४ देखिन्छ ।

संस्थागत विद्यालयका छात्र-छात्राहरूको तुलनात्मक अध्ययन गर्दा छात्राहरूको तुलनामा छात्रहरूको उखानटुक्का प्रयोग क्षमता केही सन्तोषजनक देखिन्छ भने सामुदायिक विद्यालय र संस्थागत विद्यालयका छात्र-छात्राहरूको तुलनात्मक अध्ययन गर्दा सामुदायिक विद्यालयका छात्रहरूको तुलनामा संस्थागत विद्यालयका छात्रहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो देखिन्छ भने संस्थागत विद्यालयका छात्राहरूको तुलनामा सामुदायिक विद्यालयका छात्राहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो देखिन्छ ।

### ५.१.१५ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति

तालिका नं १५

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| २५ | ४७.४% | ११.६% | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | १६ | ६४ | ९ | ३६ |

माथिको तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका सामुदायिक विद्यालयका २५ जना छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको मध्यमान ४७.४ प्रतिशत र मानक विचलन ११.६ प्रतिशत रहेको छ । मध्यमानलाई आधारबिन्दु मानेर छात्रहरूको अध्ययन गर्दा मध्यमानभन्दा तल उखानटुक्का प्रयोग क्षमता हुनेको सङ्ख्या १६ र प्रतिशत ६४ रहेको छ भने मध्यमानभन्दा माथि उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीको सङ्ख्या ९ र प्रतिशत ३६ रहेको देखिन्छ । यसरी अध्ययन गर्दा सामुदायिक विद्यालयका छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति कमजोर रहेको देखिन्छ ।

### ५.१.१६ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका छात्राहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति

तालिका नं १६

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| २५ | ४८.६% | १५.७% | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | १३ | ५२ | १२ | ४८ |

माथिको तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका सामुदायिक विद्यालयका २५ जना छात्राहरूको उखानटुक्का प्रयोग क्षमताको मध्यमान ४८.६ प्रतिशत र मानक विचलन १५.७ प्रतिशत रहेको छ । मध्यमानलाई आधारबिन्दु मानेर छात्रहरूको अध्ययन गर्दा मध्यमानभन्दा तल उखानटुक्का प्रयोग क्षमता हुनेको सङ्ख्या १३ र प्रतिशत ५२ रहेको छ भने मध्यमानभन्दा माथि उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीको सङ्ख्या १२ र प्रतिशत ४८ रहेको देखिन्छ । यसरी अध्ययन गर्दा सामुदायिक विद्यालयका छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको स्थितिभन्दा छात्राहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ५.१.१७ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति

तालिका नं १७

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| २५ | ५३.८% | १७.७% | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | ८ | ३२ | १७ | ६८ |

माथिको तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका संस्थागत विद्यालयका २५ जना छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको मध्यमान ५३.८ प्रतिशत र मानक विचलन १७.७ प्रतिशत रहेको छ । मध्यमानलाई आधारबिन्दु मानेर छात्रहरूको अध्ययन गर्दा मध्यमानभन्दा तल उखानटुक्का प्रयोग क्षमता हुनेको सङ्ख्या ८ र प्रतिशत ३२ रहेको छ भने मध्यमानभन्दा माथि उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीको सङ्ख्या १७ र प्रतिशत ६८ रहेको देखिन्छ । यसरी

अध्ययन गर्दा संस्थागत विद्यालयका छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति राम्रो रहेको देखिन्छ ।

### ५.१.१८ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका छात्राहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति

तालिका नं १८

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| २५ | ४८.६% | १२.६% | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | १४ | ५६ | ११ | ४४ |

माथिको तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका संस्थागत विद्यालयका २५ जना छात्राहरूको उखानटुक्का प्रयोग क्षमताको मध्यमान ४८.६ प्रतिशत र मानक विचलन १२.६ प्रतिशत रहेको छ । मध्यमानलाई आधारबिन्दु मानेर छात्रहरूको अध्ययन गर्दा मध्यमानभन्दा तल उखानटुक्का प्रयोग क्षमता हुनेको सङ्ख्या १४ र प्रतिशत ५६ रहेको छ भने मध्यमानभन्दा माथि उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीको सङ्ख्या ११ र प्रतिशत ४४ रहेको देखिन्छ । यसरी अध्ययन गर्दा संस्थागत विद्यालयका छात्राहरूको उखानटुक्का प्रयोग क्षमताको स्थितिभन्दा छात्रहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.१.१९ मातृभाषाभाषीगत आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति

तालिका नं १९

| कुल सङ्ख्या | ३० प्रतिशतभन्दा कम | | ३० - ४० प्रतिशतसम्म | | ४० - ५० प्रतिशतसम्म | | ५० - ६० प्रतिशतसम्म | | ६० - ७० प्रतिशतसम्म | | ७० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | - | - | २ | ८.६ | ५ | २१.७ | ९ | ३९.१ | ७ | ३०.४ | - | - |

उपर्युक्त तालिकाको आधारमा प्रतिनिधि नमुना छनोटमा परेका नेपाली मातृभाषी २३ जना विद्यार्थीहरूलाई ६ वटा श्रेणीमा निर्धारण गरी अध्ययन गर्दा सबैभन्दा तल्लो श्रेणी र सबैभन्दा माथिल्लो श्रेणीमा कुनै पनि विद्यार्थीले प्राप्ताङ्क हासिल गर्न सकेका छैनन् भने सबैभन्दा बढी उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५० - ६० प्रतिशतमा ९ जना र प्रतिशत ३९.१ रहेको छ । त्यसैगरी त्यस पछि ६०- ७० प्रतिशतमा सङ्ख्या ७ र प्रतिशत ३०.४ रहेको देखिन्छ ।

## ५.१.२० मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति

तालिका नं २०

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| २३ | ५४.१% | ९.२% | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | ७ | ३०.५ | १६ | ६९.५ |

माथिको तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका नेपाली मातृभाषी २३ जना विद्यार्थीलाई आधार मानेर अध्ययन गर्दा मध्यमान ५४.१ प्रतिशत र मानक विचलन ९.२ प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा तल सङ्ख्या ७ र प्रतिशत ३०.५ र मध्यमानभन्दा माथि सङ्ख्या १६ र प्रतिशत ६९.५ रहेकोले मध्यमानलाई आधार मान्दा नेपाली मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.१.२१ मातृभाषाभाषीगत आधारमा भोजपुरी मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति

तालिका नं २१

| कुल सङ्ख्या | ३० प्रतिशतभन्दा कम | | ३० - ४० प्रतिशतसम्म | | ४० - ५० प्रतिशतसम्म | | ५० - ६० प्रतिशतसम्म | | ६० - ७० प्रतिशतसम्म | | ७० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४० | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | ७ | १७.५ | ९ | २२.५ | १० | २५ | ८ | २० | ५ | १२.५ | १ | २.५ |

उपर्युक्त तालिकाको आधारमा प्रतिनिधि नमुना छनोटमा परेका भोजपुरी मातृभाषी ४० जना विद्यार्थीहरूलाई ६ वटा श्रेणीमा निर्धारण गरी अध्ययन गर्दा सबैभन्दा तल्लो श्रेणीको रुपमा रहेको ३० प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ७ र प्रतिशत १७.५ रहेको छ भने सबैभन्दा माथिल्लो श्रेणी ७० प्रतिशतभन्दा माथि प्राप्ताङ्क ल्याउनेको सङ्ख्या १ र प्रतिशत २.५ रहेको देखिनुले उखानटुक्का प्रयोग क्षमता राम्रो देखिदैन ।

## ५.१.२२ मध्यमान र मानक विचलनका आधारमा भोजपुरी मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति

तालिका नं २२

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| ४० | ४४.५% | १३.५% | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | २६ | ६५ | १४ | ३५ |

माथिको तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका भोजपुरी मातृभाषी ४० जना विद्यार्थीलाई आधार मानेर अध्ययन गर्दा मध्यमान ४४.५ प्रतिशत र मानक विचलन १३.५ प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा तल सङ्ख्या २६ र प्रतिशत ६५ र मध्यमानभन्दा माथि सङ्ख्या १४ र प्रतिशत ३५ रहेकोले मध्यमानलाई आधार मान्दा भोजपुरी मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको देखिदैन ।

### ५.१.२३ मातृभाषाभाषीगत आधारमा नेवार मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति

तालिका नं २३

| कुल सङ्ख्या | ३० प्रतिशतभन्दा कम | | ३० - ४० प्रतिशतसम्म | | ४० - ५० प्रतिशतसम्म | | ५० - ६० प्रतिशतसम्म | | ६० - ७० प्रतिशतसम्म | | ७० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | १ | ९ | १ | ९ | ६ | ५४.५ | २ | १८.१ | १ | ९ | - | - |

उपर्युक्त तालिकाको आधारमा प्रतिनिधि नमुना छनोटमा परेका नेवार मातृभाषी ११ जना विद्यार्थीहरूलाई ६ वटा श्रेणीमा निर्धारण गरी अध्ययन गर्दा सबैभन्दा तल्लो श्रेणीको रुपमा रहेको ३० प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीको सङ्ख्या १ र प्रतिशत ९ रहेको छ भने सबैभन्दा माथिल्लो श्रेणी ७० प्रतिशतभन्दा माथि प्राप्ताङ्क ल्याउनेको सङ्ख्या एउटा पनि देखिँदैन । सबैभन्दा बढी उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरू ४० - ५० प्रतिशतको श्रेणीमा सङ्ख्या ६ र प्रतिशत ५४.५ रहेको देखिएको छ ।

### ५.१.२४ मध्यमान र मानक विचलनका आधारमा नेवार मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति

तालिका नं २४

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| ११ | ४५.९% | ९.९% | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | ८ | ७२.८ | ३ | २७.२ |

माथिको तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका नेवार मातृभाषी ११ जना विद्यार्थीलाई आधार मानेर अध्ययन गर्दा मध्यमान ४५.९ प्रतिशत र मानक विचलन ९.९ प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा तल सङ्ख्या ८ र प्रतिशत ७२.८ र मध्यमानभन्दा माथि सङ्ख्या ३ र प्रतिशत २७.२ रहेकोले मध्यमानलाई आधार मान्दा नेवार मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको देखिदैन ।

### ५.१.२५ मातृभाषाभाषीगत आधारमा तामाङ् मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति

तालिका नं २५

| कुल सङ्ख्या | ३० प्रतिशतभन्दा कम | | ३० - ४० प्रतिशतसम्म | | ४० - ५० प्रतिशतसम्म | | ५० - ६० प्रतिशतसम्म | | ६० - ७० प्रतिशतसम्म | | ७० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | १ | ८.३ | २ | १६.६ | ४ | ३३.३ | ३ | २५ | - | - | २ | १६.६ |

उपर्युक्त तालिकाको आधारमा प्रतिनिधि नमुना छनोटमा परेका तामाङ् मातृभाषी १२ जना विद्यार्थीहरूलाई ६ वटा श्रेणीमा निर्धारण गरी अध्ययन गर्दा सबैभन्दा तल्लो श्रेणीको रुपमा रहेको ३० प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीको सङ्ख्या १ र प्रतिशत ८.३ रहेको छ भने सबैभन्दा माथिल्लो श्रेणी ७० प्रतिशतभन्दा माथि प्राप्ताङ्क ल्याउनेको सङ्ख्या २ र प्रतिशत १६.६ रहेको देखिन्छ । सबैभन्दा बढी उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरू ४० - ५० प्रतिशतको श्रेणीमा सङ्ख्या ४ र प्रतिशत ३३.३ रहेको देखिन्छ भने ६०-७० प्रतिशतसम्ममा कुनै पनि विद्यार्थीले प्राप्ताङ्क ल्याएको देखिँदैन ।

### ५.१.२६ मध्यमान र मानक विचलनका आधारमा तामाङ् मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति

तालिका नं २६

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| १२ | ४९.१% | १४.४% | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | ७ | ५८.३ | ५ | ४१.७ |

माथिको तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका तामाङ् मातृभाषी १२ जना विद्यार्थीलाई आधार मानेर अध्ययन गर्दा मध्यमान ४९.१ प्रतिशत र मानक विचलन १४.४ प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा तल सङ्ख्या ७ र प्रतिशत ५८.३ र मध्यमानभन्दा माथि सङ्ख्या ५ र

प्रतिशत ४१.७ रहेकोले मध्यमानलाई आधार मान्दा तामाङ् मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता स्तर राम्रो रहेको देखिदैन ।

## ५.१.२७ मातृभाषाभाषीगत आधारमा गुरुङ् मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति

तालिका नं २७

| कुल सङ्ख्या | ३० प्रतिशतभन्दा कम | | ३० - ४० प्रतिशतसम्म | | ४० - ५० प्रतिशतसम्म | | ५० - ६० प्रतिशतसम्म | | ६० - ७० प्रतिशतसम्म | | ७० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | - | - | - | - | १ | १०० | - | - | - | - | - | - |

उपर्युक्त तालिकाको आधारमा प्रतिनिधि नमुना छनोटमा परेका गुरुङ् मातृभाषी १ जना विद्यार्थीले ४० - ५० प्रतिशतको श्रेणीमा ४४ प्राप्ताङ्क ल्याएको देखिनु त्यति सन्तोषजनक मानिदैन ।

## ५.१.२८ मातृभाषाभाषीगत आधारमा मगर मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति

तालिका नं २८

| कुल सङ्ख्या | ३० प्रतिशतभन्दा कम | | ३० - ४० प्रतिशतसम्म | | ४० - ५० प्रतिशतसम्म | | ५० - ६० प्रतिशतसम्म | | ६० - ७० प्रतिशतसम्म | | ७० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | - | - | - | - | - | - | - | - | - | - | २ | १०० |

उपर्युक्त तालिकाको आधारमा प्रतिनिधि नमुना छनोटमा परेका मगर मातृभाषी २ जना विद्यार्थीले ७० प्रतिशतभन्दा माथिको श्रेणीमा ७० र ७१ प्राप्ताङ्क ल्याएको देखिनु मगर मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता स्तर अति राम्रो देखिन्छ ।

## ५.१.२९ मातृभाषाभाषीगत आधारमा उर्दू मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको प्रतिशताङ्क स्थिति

तालिका नं २९

| कुल सङ्ख्या | ३० प्रतिशतभन्दा कम | | ३० - ४० प्रतिशतसम्म | | ४० - ५० प्रतिशतसम्म | | ५० - ६० प्रतिशतसम्म | | ६० - ७० प्रतिशतसम्म | | ७० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | - | - | १ | ९ | २ | १८.१ | ४ | ३६.३ | ३ | २७.२ | १ | ९ |

उपर्युक्त तालिकाको आधारमा प्रतिनिधि नमुना छनोटमा परेका उर्दू मातृभाषी ११ जना विद्यार्थीलाई ६ वटा श्रेणीमा निर्धारण गरी अध्ययन गर्दा सबैभन्दा तल्लो श्रेणीको रुपमा रहेको ३० प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीको सङ्ख्या एउटा पनि देखिएन भने सबैभन्दा माथिल्लो श्रेणी ७० प्रतिशतभन्दा माथि प्राप्ताङ्क ल्याउनेको सङ्ख्या १ र प्रतिशत ९ रहेको देखिन्छ । सबैभन्दा बढी उखानटुक्का प्रयोग क्षमता भएका विद्यार्थीहरू ५० - ६० प्रतिशतको श्रेणीमा सङ्ख्या ४ र प्रतिशत ३६.३ रहेको देखिन्छ ।

## ५.१.३० मध्यमान र मानक विचलनका आधारमा उर्दू मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्थिति

तालिका नं ३०

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| ११ | ५५% | १०.८% | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | ३ | २७.२ | ८ | ७२.८ |

माथिको तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका तामाङ् मातृभाषी ११ जना विद्यार्थीलाई आधार मानेर अध्ययन गर्दा मध्यमान ५५ प्रतिशत र मानक विचलन १०.८ प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा तल सङ्ख्या ३ र प्रतिशत २७.२ र मध्यमानभन्दा माथि सङ्ख्या ८ र

प्रतिशत ७२.८ रहेकोले मध्यमानलाई आधार मान्दा उर्दू मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ५.१.३१ सुझाव

**पर्सा जिल्लाको माध्यामिक तहमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको शीर्षकको अध्ययन**बाट निम्नानुसार सुझाव दिन सकिन्छ ।

१ माध्यमिक तहको पाठ्यपुस्तकमा उखानटुक्काको प्रयोग गर्दा विद्यार्थीहरूको प्रयोग क्षमतागत अनुसन्धान गरेर मात्र पाठ्यपुस्तकमा प्रयोग गर्नुपर्ने देखिन्छ ।

२ पाठ्यपुस्तकमा उखानटुक्का प्रयोग गर्दा तल्लो कक्षाबाट नै उखानटुक्का सम्बन्धी जानकारी गराएर लैजानुपर्ने देखिन्छ ।

३ पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्कालाई सङ्कलन गरी विद्यार्थीहरू समक्ष तिनको अभ्यास गराउनुपर्ने देखिन्छ ।

४ संस्थागत विद्यालयका विद्यार्थीहरूलाई बढीभन्दा बढी समय नेपाली भाषा प्रयोग गर्ने अवसर दिनुपर्ने हुन्छ ।

५ उखानटुक्काको प्रयोग वादविवाद र कथा विधामा मात्र बढी प्रयोग भएको देखिन्छ, अन्य विधामा पनि उखानटुक्का प्रयोग बढीभन्दा बढी गर्नुपर्ने हुन्छ ।

६ प्रश्नपत्रहरूमा उखानटुक्का सम्बन्धी प्रश्न सङ्ख्या बढाउनुपर्ने देखिन्छ ।

७ तालिम प्राप्त विषय शिक्षकद्वारा शिक्षण कार्य गर्दा विद्यार्थीहरूमा बढी उखानटुक्का सम्बन्धी राम्रो ज्ञान हुन सक्छ ।

८ कक्षा शिक्षणलाई प्रभावकारी बनाई गृहकार्यमा जोड दिनुपर्ने हुन्छ ।

९ कथ्य भाषा प्रयोग गर्दा बढीभन्दा बढी उखानटुक्का प्रयोग गर्न विद्यार्थीहरूलाई प्रेरणा दिनुपर्ने देखिन्छ ।

१० पाठ्यपुस्तकको साथसाथै उखानटुक्का सम्बन्धी अन्य कृतिहरूलाई सन्दर्भ सामग्रीको रुपमा प्रयोग गर्नुपर्ने देखिन्छ ।

११ अन्य अतिरिक्त क्रियाकलाप (प्रतियोगिता, गोष्ठी, सेमिनार) कार्यलाई पनि जोड दिनुपर्ने देखिन्छ ।

१२ कक्षाकार्यलाई प्रभावकारी बनाई विद्यार्थीहरूमा देखिएका कमीकमजोरीहरूलाई सुधार गर्दै लैजानुपर्ने हुन्छ ।

१३ प्रसङ्गअनुसार बढीभन्दा बढी उखानटुक्का प्रयोग गर्न विद्यार्थीहरूलाई हौस्याउनु पर्ने हुन्छ ।

१४ विद्यार्थीहरूलाई उखानटुक्का सम्बन्धी धारणा जगाई सल्लाह र सहयोग गर्नुपर्ने देखिन्छ ।

१५ उखानटुक्का सम्बन्धी प्रतियोगिता गराई राम्रो गर्ने विद्यार्थीहरूलाई पुरस्कार र हौसला प्रदान गर्नुपर्ने हुन्छ ।

उपर्युक्त सुझावहरूलाई ध्यान दिएर विद्यार्थीहरूलाई उखानटुक्का सम्बन्धी धारणा बसाउन सकियो भने अवश्य पनि विद्यार्थीहरूको अहिले देखिएको उखानटुक्का सम्बन्धी नतिजालाई अझ राम्रो बनाउन सकिन्छ र उखानटुक्कालाई जीवन्त तुल्याउँदै नेपाली भाषालाई उखानटुक्काको माध्यमबाट समृद्ध बनाउन सकिन्छ ।

# परिच्छेद छ

# उपसंहार

## ६.१ निष्कर्षः

पर्सा जिल्लाको माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको अध्ययन गर्ने क्रममा व्याख्या विश्लेषणका आधारमा निम्न निष्कर्षहरू निकाल्न सकिन्छ ।

१ समग्र विद्यार्थीहरूको मध्यमान र मानक विचलनको आधारमा उखानटुक्का प्रयोग क्षमतालाई मध्यमानभन्दा बढी ४९ प्रतिशत र मध्यमानभन्दा तल ५१ प्रतिशत रहनुले विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता मध्यमस्तरको देखिन्छ ।

२ मध्यमान र मानक विचलनको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमतालाई अध्ययन गर्दा मध्यमानभन्दा बढी सङ्ख्या २१ र प्रतिशत ४२ साथै मध्यमानभन्दा तल सङ्ख्या २९ र प्रतिशत ५८ रहनुले विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्तर कमजोर रहेको देखिन्छ ।

३ मध्यमान र मानक विचलनको आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमतालाई अध्ययन गर्दा मध्यमानभन्दा बढी सङ्ख्या २८ र प्रतिशत ५६ साथै मध्यमानभन्दा तल सङ्ख्या २२ र प्रतिशत ४४ रहनुले विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्तर राम्रो रहेको देखिन्छ ।

४ मध्यमान र मानक विचलनको आधारमा समग्र छात्रहरूको उखानटुक्का प्रयोग क्षमतालाई अध्ययन गर्दा मध्यमानभन्दा बढी सङ्ख्या २६ र प्रतिशत ५२ साथै मध्यमानभन्दा तल सङ्ख्या २४ र प्रतिशत ४८ रहनुले छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको स्तर राम्रो रहेको देखिन्छ ।

५ मध्यमान र मानक विचलनको आधारमा समग्र छात्राहरूको उखानटुक्का प्रयोग क्षमतालाई अध्ययन गर्दा मध्यमानभन्दा बढी सङ्ख्या २३ र प्रतिशत ४६ साथै मध्यमानभन्दा तल सङ्ख्या २७ र प्रतिशत ५४ रहनुले छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको स्तर कमजोर रहेको देखिन्छ ।

६ मध्यमान र मानक विचलनको आधारमा सामुदायिक विद्यालयका छात्रहरूको उखानटुक्का प्रयोग क्षमतालाई अध्ययन गर्दा मध्यमानभन्दा बढी सङ्ख्या ९ र प्रतिशत ३६ साथै मध्यमानभन्दा तल सङ्ख्या १६ र प्रतिशत ६४ रहनुले छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको स्तर कमजोर रहेको देखिन्छ ।

७ मध्यमान र मानक विचलनको आधारमा सामुदायिक विद्यालयका छात्राहरूको उखानटुक्का प्रयोग क्षमतालाई अध्ययन गर्दा मध्यमानभन्दा बढी सङ्ख्या १२ र प्रतिशत ४८ साथै मध्यमानभन्दा तल सङ्ख्या १३ र प्रतिशत ५२ रहनुले छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको स्तर कमजोर रहेको देखिन्छ ।

८ मध्यमान र मानक विचलनको आधारमा संस्थागत विद्यालयका छात्रहरूको उखानटुक्का प्रयोग क्षमतालाई अध्ययन गर्दा मध्यमानभन्दा बढी सङ्ख्या १७ र प्रतिशत ६८ साथै मध्यमानभन्दा तल सङ्ख्या ८ र प्रतिशत ३२ रहनुले छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको स्तर राम्रो रहेको देखिन्छ ।

९ मध्यमान र मानक विचलनको आधारमा संस्थागत विद्यालयका छात्राहरूको उखानटुक्का प्रयोग क्षमतालाई अध्ययन गर्दा मध्यमानभन्दा बढी सङ्ख्या ११ र प्रतिशत ४४ साथै मध्यमानभन्दा तल सङ्ख्या १४ र प्रतिशत ५६ रहनुले छात्रहरूको उखानटुक्का प्रयोग क्षमताको स्तर कमजोर रहेको देखिन्छ ।

१० मध्यमान र मानक विचलनको आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमतालाई अध्ययन गर्दा मध्यमानभन्दा बढी सङ्ख्या १६ र प्रतिशत ६९.५ साथै मध्यमानभन्दा तल सङ्ख्या ७ र प्रतिशत ३०.५ रहनुले नेपली मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्तर राम्रो रहेको देखिन्छ ।

११ मध्यमान र मानक विचलनको आधारमा भोजपुरी मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमतालाई अध्ययन गर्दा मध्यमानभन्दा बढी सङ्ख्या १४ र प्रतिशत ३५ साथै मध्यमानभन्दा तल सङ्ख्या २६ र प्रतिशत ६५ रहनुले भोजपुरी मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्तर कमजोर रहेको देखिन्छ ।

१२ मध्यमान र मानक विचलनको आधारमा नेवार मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमतालाई अध्ययन गर्दा मध्यमानभन्दा बढी सङ्ख्या ३ र प्रतिशत २७.२ साथै मध्यमानभन्दा तल सङ्ख्या ८ र प्रतिशत ७२.८ रहनुले नेवार मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्तर कमजोर रहेको देखिन्छ ।

१३ मध्यमान र मानक विचलनको आधारमा तामाङ् मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमतालाई अध्ययन गर्दा मध्यमानभन्दा बढी सङ्ख्या ५ र प्रतिशत ४१.६ साथै मध्यमानभन्दा तल सङ्ख्या ७ र प्रतिशत ५८.४ रहनुले तामाङ् मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्तर कमजोर रहेको देखिन्छ ।

१४ मध्यमान र मानक विचलनको आधारमा गुरुङ मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमतालाई अध्ययन गर्दा सङ्ख्या १ र मगर मातृभाषी विद्यार्थी प्रतिनिधि नमुना छनोटमा २ जना परेकाले प्रतिशताङ्क स्थितिमा गुरुङ मातृभाषी विद्यार्थीको सङ्ख्या १ र सो विद्यार्थी ५० प्रतिशतभन्दा तल अर्थात ४० र ५० प्रतिशतको श्रेणीमा ४४ प्राप्ताङ्क देखिनु सन्तोषजनक छैन भने मगर मातृभाषा हुने २ जना विद्यार्थीहरू ७० प्रतिशतभन्दा माथिको श्रेणीमा ७० र ७१ प्राप्ताङ्करहेको देखिनु मगर मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

१५ मध्यमान र मानक विचलनको आधारमा उर्दू मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमतालाई अध्ययन गर्दा मध्यमानभन्दा बढी सङ्ख्या ८ र प्रतिशत ७२.८ साथै मध्यमानभन्दा तल सङ्ख्या ३ र प्रतिशत २७.२ रहनुले उर्दू मातृभाषी विद्यार्थीहरूको उखानटुक्का प्रयोग क्षमताको स्तर राम्रो रहेको देखिन्छ ।

# सन्दर्भग्रन्थ सूची


आ.दी., राममणि (२०२७) **उखान सङ्ग्रह**, ललितपुरः जगदम्बा प्रकाशन ।

थापा, धर्मराज र सुवेदी हंसपुरे (२०४१) **नेपाली लोक साहित्यको विवेचना**, काठमाण्डौः पाठ्यक्रम विकास केन्द्र, त्रि.वि. ।

नेपाल, शोभा (२०६६) पाल्पा जिल्लाको माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुको उखानटुक्का प्रयोग क्षमताको अध्ययन, ने.भा.शि.वि., त्रि.वि. ।

पन्थी, यमप्रसाद (२०६५) **माध्यमिक तहको कक्षा ९ र १० को नेपाली पाठ्पुस्तकमा प्रयोग भएका उखानटुक्काको पहिचान र प्रयोग क्षमताको अध्ययन**, ने.भा.शि.वि., त्रि.वि. ।

पन्थी, लक्ष्मी (२०५६) **गुल्मी जिल्लाका टुक्काहरूको अध्ययन**, नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

पराजुली, कृष्णप्रसाद (२०६५) **नेपाली उखान र गाँउखाने कथा**, (छैटौं सं.) काठमाण्डौः रत्न पुस्तक भण्डार ।

............. (२०४७) **राम्रो रचना मीठो नेपाली**, (उनन्तीसौं सं.) काठमाडौंः त्रिपुरेश्वर, सहयोगी प्रेस ।

पाठ्यक्रम विकास केन्द्र (२०५५) **माध्यमिक नेपाली पाठ्क्रम**, सानोठिमीः भक्तपुर ।

................ (२०५७) **माध्यमिक नेपाली पाठ्यक्रम**, (दो.सं.) सानोठिमीः भक्तपुर ।

प्रधान, पारसमणि (२०११) **नेपाली मुहावरा**, कालिम्पोङः,भाग्यलक्ष्मी प्रकाशन ।

पौडेल, शिवप्रसाद (२०६१) **नेपाली टुक्काको सर्वेक्षण र विश्लेषण**, नवलपरासीः श्रीमती सुशीला पौडेल ।

.............. (वि. २०६९) **नेपाली उखान सङ्ग्रह**, ललितपुरः साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०५२) **अनुसन्धान तथा प्रतिवेदन लेखन**, काठमाण्डौः रत्न पुस्तक भण्डार ।

भण्डारी, गंगाराम (२०६५) **निम्न माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका उखानटुक्काको पहिचान र प्रयोग क्षमताको अध्ययन**, ने.भा.शि.वि., त्रि.वि. ।

भण्डारी र ओभ्का........................ शोधविधि

राणा, पुष्करशमशेर (१९९८) **नेपाली उखान र टुक्काको वर्णानुक्रमानुसारी सूची र वाक्यांश, वाक्यपद्धति इत्यादि, कोश खण्ड १ - २** काठमाण्डौः नेपाली भाषा प्रकाशिनी समिति ।

............. (२०५७) **नेपाली टुक्काको कोश**, (चौ.सं.) काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

रिमाल, प्रदिप (२०५३) **कर्णाली लोक संस्कृति**, खण्ड ५, काठमाडौंः साभ्का प्रकाशन ।

रेग्मी, चूडामणि (२०५७) **नेपाली टुक्काको अध्ययन**, (दो.सं) भ्कापाः जुही प्रकाशन ।

शर्मा, मोहनराज (२०५३) **शब्दरचना र वर्णविन्यास**, काठमाण्डौः नवीन प्रकाशन ।

शर्मा, वसन्तकुमार (२०६३) **नेपाली शब्द सागर**, (पाँ.सं.) काठमाण्डौः भाभा पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम र अन्य (सम्पा.) (२०५६) **नेपाली कक्षा ९**, (पा.सं. पुनर्मुद्रण २०६६) जनक शिक्षा सामग्री केन्द्र ।

............. र अन्य (सम्पा.) (२०५६) **नेपाली कक्षा दस** (चौ.सं. पुनर्मुद्रण २०६९) जनक शिक्षा सामग्री केन्द्र ।

# परिशिष्ट (क)

## मूल्याङ्कनमा प्रयोग गरिएको प्रश्नको नमूना

विद्यालयको नामः- पूर्णाङ्कः- १००

विद्यार्थीको नामः- समयः- १ घण्टा

कक्षाः- रोल नं.:-

१ तलका उखान र टुक्कालाई अर्थ स्पष्ट हुनेगरी वाक्यमा प्रयोग गर्नुहोस्। २५

क. अल्छी तिघ्रो स्वादे जिब्रो

ख. आलु खाएर पेडाको धाक लगाउनु

ग. इन्द्रका अगाडि स्वर्गको वयान

घ. टाउकोमा टेक्नु

ङ. सातो जानु

२ जोडा मिलाउनुहोस्। १५

| | |
|---|---|
| क. इति श्री गर्नु | सहमत हुनु |
| ख. नाक काट्नु | अन्त्य गर्नु |
| ग. नेटो काट्नु | होस् हवास् उड्नु |
| घ. कुरा मिल्नु | भाग्नु |
| ङ. सातो जानु | इज्जत फाल्नु |

३ ठीक उत्तरमा (✓) चिनो लगाउनुहोस्। ५

क. यसो गरुँ कि उसो गरुँ कि जस्तो लाग्नुलाई भनिन्छ।

अ. अलपत्र हुनु आ. दोधारमा पर्नु इ. हरेस खानु ई दंग पर्नु

ख. कोही परलोक भएको अवस्थामा यस्तो भनिन्छ।

अ. थला पर्नु आ. कान काट्नु इ जिब्रो टोक्नु ई अन्धो हुनु

४ यस प्रश्नमा प्रयोग नभएका ५ वटा उखान टुक्काहरू लेख्नुहोस् । १०

५ दिन काट्नु र नाक काट्नुमा के फरक छ ? ५

६ जुन गोरुको सिंग छैन उसको नाम तिखे भन्नुको तात्पर्य के हो ? ५

७ तपाईको विद्यालयको बारेमा विभिन्न उखानटुक्काको प्रयोग गरी एउटा अनुच्छेद लेख्नुहोस् । १५

८ विभिन्न उखानटुक्काहरूको प्रयोग गरी दशैं शीर्षकमा १५० शब्दसम्मको एउटा निबन्ध लेख्नुहोस् । २०

# परिशिष्ट (ख)

## नमुना छनोटमा परेका पर्सा जिल्लाका पाँचवटा सामुदायिक विद्यालयहरू

१ श्री नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय, दीपकनगर, पर्सा ।

२ श्री सरस्वती उच्च माध्यमिक विद्यालय, ठोरी, पर्सा ।

३ श्री नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय, बुद्धनगर, ओडार, पर्सा ।

४ श्री उच्च माध्यमिक विद्यालय, विजयवस्ती, निर्मलवस्ती, पर्सा ।

५ श्री ज्ञानवाटिका माध्यामिक विद्यालय, सुवर्णपुर, पर्सा ।

## नमुना छनोटमा परेका पर्सा जिल्लाका पाँचवटा संस्थागत विद्यालयहरू

१ श्री विद्या सदन माध्यमिक विद्यालय, वीरगञ्ज, पर्सा ।

२ श्री होलीहोम माध्यमिक विद्यालय, मुर्ली - १५, वीरगञ्ज, पर्सा ।

३ श्री ओसिस माध्यमिक विद्यालय, वीरगञ्ज, पर्सा ।

४ श्री न्यु वेभ एकेडेमी विर्ता, वीरगञ्ज, पर्सा ।

५ श्री चिल्ड्रेन्स प्याराडाइज माध्यमिक विद्यालय, वीरगञ्ज, पर्सा ।

# परिशिष्ट (ग)

## नमुना छनोटमा परेका विद्यार्थीहरू

**श्री चिल्ड्रेन्स प्याराडाइज माध्यमिक विद्यालय, वीरगञ्ज, पर्सा ।**

| | |
|---|---|
| सुजित पटेल | विक्की सिंह |
| राज प्रजापति | लक्ष्मी वस्नेत |
| मधु साह | पूजा कुशवाह |
| रानी कुमारी सिंह | रंजित गुप्ता |
| मृत्युञ्जय महतो | संजय साह |

**श्री न्यु वेभ एकेडेमी विर्ता, वीरगञ्ज, पर्सा ।**

| | |
|---|---|
| अनिश गुप्ता | वीरबहादुर सहनी |
| संदीप ठाकुर | आशुतोष खानल |
| शिल्पा देवकोटा | पूजा बस्नेत |
| काजल रावल | प्रकृति प्रधान |
| किरण शर्मा | निलम प्रजापति |

**श्री ओसिस माध्यमिक विद्यालय, वीरगञ्ज, पर्सा ।**

| | |
|---|---|
| मुकेश साह | पूजा मण्डल |
| नुसरत प्रविन | ममता महतो |
| प्रतिमा महतो | दिपक पटेल |
| मो. मोहताब अंसारी | साहिद अंसारी |
| सुलैमा खातुन | दीपा कुमारी |

**श्री होलीहोम माध्यमिक विद्यालय, मुर्ली - १५, वीरगञ्ज, पर्सा ।**

| | |
|---|---|
| सुरज शर्मा | अरमान अंसारी |
| इन्दुकुमारी मेहता | राधिकाकुमारी साह |
| नारायणकुमार साह | रेबिकाकुमारी साह |
| गुडियाकुमारी साह | आसिक अंसारी |
| शायदा अन्जुम | साद अंसारी |

**श्री विद्या सदन माध्यमिक विद्यालय, वीरगञ्ज, पर्सा ।**

| | |
|---|---|
| प्रकृति लम्साल | जयप्रकाश पटेल |
| आँचल चौधरी | सद्रे आलम |
| किरण दास | पूजाकुमारी मेहता |
| सारुक अंसारी | अभयकुमार पटेल |
| इम्ताज देवान | वन्दनाकुमारी |

**श्री नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय, दीपकनगर, पर्सा ।**

| | |
|---|---|
| सुमित उपाध्याय | प्रेम सुनाम |
| मनिषा रानामगर | लक्ष्मी तामाङ् |
| सुनिता थापा मगर | रीता मोक्तान |
| रेनिसा लामा | टाइसन गुरुङ् |
| पूर्णबहादुर सार्की | चित्रबहादुर रिमाल |

**श्री सरस्वती उच्च माध्यमिक विद्यालय, ठोरी, पर्सा ।**

| | |
|---|---|
| अंकित श्रेष्ठ | संगीता सुनार |
| अनिताकुमारी साह | सचिन लामिछाने |
| सुरजकुमार साह | बुद्धिमान तामाङ् |
| सुमन लामा | पार्वती ज्योति |
| किशोर वि.क. | सभ्यता भण्डारी |

**श्री नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय, बुद्धनगर, ओडार, पर्सा ।**

| | |
|---|---|
| ईश्वर दाहाल | सुष्मा श्रेष्ठ |
| शुकदेव शिवाकोटी | निरा थिङ |
| अनिश स्याङ्तान | दीपा श्रेष्ठ |
| पूजा पौडेल | किरण शिवाकोटी |
| आनन्द श्रेष्ठ | आयुष बस्नेत |

**श्री उच्च माध्यमिक विद्यालय, विजयवस्ती, निर्मलवस्ती, पर्सा ।**

| | |
|---|---|
| मेनुका श्रेष्ठ | लक्ष्मी स्याङ्वो |
| गीताञ्जली लामा | बबिता श्रेष्ठ |
| सोममाया श्रेष्ठ | पुनम श्रेष्ठ |
| तेजबहादुर श्रेष्ठ | शिवराज श्रेष्ठ |

| | |
|---|---|
| विनोद लामा | नवीनकुमार लामा |

**श्री ज्ञानवाटिका माध्यामिक विद्यालय, सुवर्णपुर, पर्सा ।**

| | |
|---|---|
| रोसनी बस्नेत | अमृता कुमारी |
| वृजेस प्रसाद | साहेव पटेल |
| धनिलाल प्रसाद यादव | सन्दीप पाखिन |
| कुन्ती कुमारी | प्रियँका कुमारी |
| किरण कुमारी | राकेश कार्की |

# व्यक्तिवृत



नाम :- विदुरप्रसाद सापकोटा

जन्म मिति :- २०३४/०४/१४

जन्म स्थान :- ठोरी गा.वि.स. वडा नं. ८ पर्सा

पिताको नाम :- श्री वेधनिधि सापकोटा

माताको नाम :- श्री टेकदेवी सापकोटा

पत्नीको नाम :- मुना सापकोटा

नागरिकता :- नेपाली

धर्म :- हिन्दु

लिङ्ग :- पुरुष

वैवाहिक स्थिति :-विवाहित

शिक्षा :-

पूर्वमध्यमा श्री सम्पूर्णानन्द सं.वि.वि. वनारस

उत्तरमध्यमा श्री सम्पूर्णानन्द सं.वि.वि. वनारस

शास्त्री श्री महेन्द्र सं.वि.वि. दाङ

शिक्षाशास्त्री श्री महेन्द्र सं.वि.वि. दाङ

स्नातकोत्तर श्री त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाण्डौ

सम्पर्क नं. :- ९७४५०११७९२, ९८४५२१५६६२, ९८१५२३१६६७